# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३३० | काठमाडौं | सोमबार, १६ चैत २०८२ | Prabhab National Daily | Monday, 30 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


शासकीय सुधारमा सरकारको 'एक्सन'

## बेटिङ एपदेखि ब्रिज कोर्ससम्म बन्द




- वनएक्सबेट, इनडिबेट, मेलबेट, कोरलजस्ता ११४ वेबसाइट तथा एप बन्द
- मुलुकी अपराध संहिता, २०७४ अनुसार बेटिङ गराउने वा गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुने
- उच्च शिक्षामा भर्ना हुनुअघि विभिन्न संस्थाले लिने 'ब्रिजकोर्स' र प्रवेश परीक्षा तयारी कक्षा वैशाख १ गतेदेखि पूर्णरूपमा बन्द
- राष्ट्रिय परीक्षा बोर्ड कर्मचारी युनियन विघटन घोषणा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री बालेन्द्र शाह परिवर्तनको अनुभूति दिने गरी 'एक्सन'मा उत्रिएका छन् । शाह नेतृत्वको सरकारले पहिलो दिनबाटै शासकीय सुधारको काम सुरु गरेको छ । शुक्रबार मन्त्रिपरिषद्को पहिलो बैठकबाट १०० बुँदे कार्यसूची पारित गरेको सरकारले आइतबार तेस्रो दिनबाटै कार्यान्वयन थालेको हो ।

सरकारले गैरकानुनीरूपमा सट्टेबाजी (बेटिङ) गर्ने एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने जनाएका थियो । सोहीअनुसार आइतबार यस्ता एप तथा वेबसाइट बन्द गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. विक्रम तिमल्सिनाले आइतबार बेटिङ एप र वेबसाइटहरू बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएका थिए । उक्त निर्देशनबमोजिम ती एप र वेबसाइटहरू बन्द गरिएको मन्त्रालयका प्रवक्ता उदयबहादुर रानामगरले जानकारी दिए । 'नेपाल दूरसञ्चार प्राधिकरणलाई इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा कुनै पनि विद्युतीय माध्यमबाट हुने सट्टेबाजीलगायतका एप तथा वेबसाइट तत्काल बन्द गर्न निर्देशन भई हाल पहिचान भएका सबै सट्टेबाजी एप र वेबसाइटहरू बन्द गरिएको छ,' प्रवक्ता रानामगरले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

तत्कालका लागि सरकारले वनएक्सबेट, इनडिबेट, मेलबेट, कोरलजस्ता ११४ वेबसाइट तथा एप बन्द गरिएको प्राधिकरणले जनाएको छ । यद्यपि धेरैजसो सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले यसको विज्ञापनमार्फत प्रोत्साहन गर्दै आएका छन् । प्राधिकरणले आधिकारिकरूपमा बन्द गर्दा पनि कतिपयले भिपिएन प्रविधि र डिएनएस सर्भरबाटसमेत अनधिकृतरूपमा प्रयाग गर्ने गर्छन् । यसअघि नै सरकारले बेटिङ एपसम्बन्धमा प्रोत्साहन गरेमासमेत कानुनी सजाय तोकेको छ । बेटिङसम्बन्धी गतिविधि देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनसमेत मन्त्रालयले अनुरोध गरेको छ । मुलुकी अपराध संहिता, २०७४ अनुसार बेटिङ गराउने वा गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने प्रावधान छ ।

### ब्रिजकोर्स र तयारी कक्षा बन्द गर्न निर्देशन

सरकारले आइतबार उच्च शिक्षामा भर्ना हुनुअघि विभिन्न संस्थाले लिने ब्रिजकोर्स र प्रवेश परीक्षा तयारी कक्षा बन्द गर्न निर्देशन दिएको छ ।


क्रमशः पृष्ठ २ मा


## तीन पूर्वप्रधानमन्त्रीबाट सुरु गरियो सम्पत्ति छानबिन

- सम्पत्ति शुद्धीकरण विभागले सुरु गर्‍यो देउवा, ओली र दाहालको सम्पत्ति छानबिन
- पूर्वऊर्जामन्त्री दीपक खड्कासम्पत्ति शुद्धीकरण कसुरमै पक्राउ

कहीँ कतै राजनीतिक आग्रह वा पूर्वाग्रह नहोस् । निष्पक्षता कायम होस् र स्वतन्त्र ढंगले अनुसन्धान अघि बढोस् ।

■ **पुष्पकमल दाहाल**
पूर्वप्रधानमन्त्री तथा संयोजक, नेकपा

कुनै पनि सूचना वा उजुरीका आधारमा विभागले प्रारम्भिक अनुसन्धान अघि बढाउँछ, त्यो सामान्य विषय हो ।

■ **जितेन्द्र अधिकारी**
प्रवक्ता, सम्पत्ति शुद्धीकरण विभाग



■ **जेबी योञ्जन**

**काठमाडौं–** सम्पत्ति शुद्धीकरण विभागले तीन पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालको सम्पत्तिमाथि छानबिन थालेको छ । पूर्वऊर्जामन्त्रीसमेत रहेका कांग्रेस नेता दीपक खड्का आइतबार बिहान पक्राउपछि देउवा, ओली र दाहालको सम्पत्तिमाथि छानबिन भइरहेको खुलेको हो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका निर्देशक तथा सूचना अधिकारी जितेन्द्र अधिकारीले उक्त घटनासँग सम्बन्धित अनुसन्धान पहिलेदेखि नै चलिरहेको संकेत गरे । 'त्यो अलि अगाडिदेखि नै छानबिनको सिलसिलामा थियो । कुनै पनि सूचना वा उजुरीका आधारमा विभागले प्रारम्भिक अनुसन्धान अघि बढाउँछ, त्यो सामान्य विषय हो,' उनले प्रभावसँग भने ।

नेकपा संयोजक तथा पूर्वप्रधानमन्त्री दाहालले सम्पत्ति छानबिन निष्पक्ष र स्वतन्त्र रूपमा हुनुपर्ने बताएका छन् । पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबार आयोजित संसदीय दलको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'त्यो त हामीले पहिले नै उठाएको विषय हो, सबैको छानबिन हुनुपर्छ ।' उनले थपे, 'कहीँ कतै राजनीतिक आग्रह वा पूर्वाग्रह नहोस् । निष्पक्षता कायम होस् र स्वतन्त्र ढंगले अनुसन्धान अघि बढोस् ।'

तीन पूर्वप्रधानमन्त्रीमध्ये ओलीलाई प्रहरीले पक्राउ गरिसकेको छ । प्रतिकूल स्वास्थ्य अवस्थाका कारण उनी पक्राउ परे पनि त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा छन् । शनिबार बिहान जेन-जी विद्रोहको पहिलो दिन १९ जना नवयुवाको ज्यान गएको घटनामा हेल्चेक्र्याइँ गरेको अभियोगमा उनी पक्राउ परेका हुन् ।

देउवा भने उपचारका लागि भन्दै सिंगापुरमा गएका छन् । गत भदौ २४ गते जेन-जी विद्रोहीहरूले उनको घर जलाउँदा डढेको अवस्थामा पैसाको बिटोहरू फेला परेको घटनालाई लिएर सम्पत्ति शुद्धीकरण कसुरमा अनुसन्धान गर्न बालेन सरकारले कदम अघि बढाएको हो । देउवाले भने गौरीबहादुर केसी नेतृत्वको जाँचबुझ आयोगलाई पैसाबारे भनेका छन्, 'त्यो वास्तविक होइन, एआई भिडियो हो ।'


क्रमशः पृष्ठ २ मा


### ओली-लेखक पाँच दिन हिरासतमा रहने, खड्का सात दिन

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक थप पाँच दिन हिरासतमा रहने भएका छन् । उनीहरूलाई पाँच दिन हिरासतमा राख्न जिल्ला अदालत काठमाडौंले आइतबार अनुमति दिएको हो । प्रहरीले भने १० दिन अनुमति मागेको थियो ।

आइतबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले पाँच दिन हिरासतमा राख्ने अनुमति दिएको हो । ओली र लेखकलाई हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थपका लागि प्रहरीले आइतबार जिल्ला अदालतमा निवेदन दिएको थियो । म्याद थप निवेदनउपरको सुनुवाइ श्रेष्ठको इजलासमा हुँदा सरकारी वकिलले हिरासतमै राख्नुपर्ने माग गरेको थियो । ओली र लेखकको पक्षमा बहस गरेका कानुन व्यवसायीले हिरासत मुक्त गर्नुपर्ने जिकिर गरेका थिए ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

## अब आवेदन दिएकै दिन श्रम स्वीकृति, टोकन प्रणाली खारेज

- वैदेशिक रोजगारीको न्यूनतम मापदण्ड तयार गर्ने श्रममन्त्रीको निर्णय
- थप पाँच मुलुकसँग श्रम सम्झौता गर्ने
- पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई अनलाइन प्रणालीमा लैजाने




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकले अब एकै दिनमा श्रम स्वीकृति पाउने भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले टोकन प्रणाली खारेज गर्दै आवेदन दिएकै दिनमा श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था लागू गर्न आइतबार निर्देशन दिएका हुन् । उक्त निर्देशनपछि आइतबारदेखि नै उक्त व्यवस्था कार्यान्वयनमा आएको मन्त्रालयले जानकारी दिएको छ ।

सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमाथिको छलफलका क्रममा श्रममन्त्री साहले वैदेशिक रोजगार क्षेत्रका विभिन्न विषयमा तत्काल कार्ययोजना बनाई कार्यान्वयनको आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको मन्त्रालयले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । मन्त्री साहले रोजगारीमा जाने नागरिकको सुरक्षा, न्यूनतम ज्यालाको सुनिश्चितता, कार्यस्थल सुरक्षा, कार्य वातावरण र स्वास्थ्य सुरक्षाको अवस्था अध्ययन गरी वैदेशिक रोजगारीको न्यूनतम मापदण्ड तयार गर्न भनेका छन् । वैदेशिक रोजगारीका नाममा हुने गरेका ठगी नियन्त्रणका लागि पनि तत्काल आवश्यक कदम चाल्न उनले निर्देशन दिएका छन् ।

मन्त्रालयले थप पाँच मुलुकसँग श्रम सम्झौता विस्तार गर्ने जनाएको छ । त्यस्तै, रोजगारीमा जाने श्रमिकका लागि पूर्वप्रस्थान अभिमूखीकरण तालिम पाठ्यक्रममा आधारित श्रव्य-दृश्य सामग्री निर्माण गरी डिजिटल मध्यममा उपलब्ध गराउन निर्णयसमेत मन्त्रालयले गरेको छ । पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई पूर्णरूपमा अनलाइन प्रणालीमा लग्न पनि मन्त्री साहले निर्देशन दिएका छन् ।

मन्त्रालयले आन्तरिक रोजगारी सिर्जनाका लागि सहयोग पुग्नेगरी सीप विकास तालिम प्रदान गरी रोजगारीमा आबद्ध गर्ने, सबै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा सीप मेला सञ्चालनको तयारी गर्नेलगायतका काम पनि गर्ने भएको छ ।


क्रमशः पृष्ठ २ मा


### श्रमिकमाथि हुने ठगीप्रति विभागको चासो

श्रममन्त्री साहको निर्देशनसँगै रोजगारीमा जाने श्रमिकमाथि हुने ठगीप्रति गम्भीर ध्यानाकर्षण भएको वैदेशिक रोजगार विभागले जनाएको छ । आइतबार सूचना जारी गर्दै विभागले शैक्षिक परामर्श सेवाका लागि दर्ता भएका कन्सल्टेन्सी, ट्राभल एजेन्सी र अनलाइन माध्यमबाट हुने ठगीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

वैदेशिक रोजगारीमा पठाइदिने भन्दै उल्लिखित संस्थाहरूले रकम असुल गर्ने र अन्तर्वार्ता लिने कार्य गरिरहेको जानकारी विभागमा प्राप्त भएको उल्लेख गरिएको छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वा कामदार


क्रमशः पृष्ठ २ मा


**सुशासन मार्गचित्र**

## करिब एक दर्जन सार्वजनिक निकाय खारेज गर्न सिफारिस

- बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल रेल्वे बोर्ड, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, जग्गा विकास चक्र कोष, नगर विकास समितिहरूलगायत निकाय खारेजी सूचीमा
- केही मेडिकल कलेज पूर्वाधार तथा विकास आयोजनाहरु पनि खारेजी सूचीमा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले प्रशासन सुधारका लागि ठूला संरचनागत परिवर्तन प्रस्ताव गर्दै एक दर्जन हाराहारी सार्वजनिक निकाय खारेज, केही गाभ्ने तथा केही प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सिफारिस गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतबार सार्वजनिक गरेको उक्त मार्गचित्रले दोहोरो काम गर्ने, निष्क्रिय वा कम प्रभावकारी निकायहरूलाई पुनर्संरचना गरेर शासन प्रणालीलाई चुस्त, प्रभावकारी र उत्तरदायी बनाउन आवश्यक रहेको उल्लेख गरेको छ ।

मार्गचित्रमा समान प्रकृतिका कार्य गर्ने संस्थाहरूलाई एकीकृत गर्दै स्रोत, साधन र जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने उल्लेख छ । यसअन्तर्गत नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग गाभ्ने, मुद्रण विभाग, कानुन किताब व्यवस्था समिति र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा समाहित गर्ने प्रस्ताव गरिएको छ । यस्तै, नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभेर थप सुदृढ संरचना निर्माण गर्ने र आवश्यक परे प्राधिकरणमा रूपान्तरण गर्ने सम्भावना औंल्याइएको छ ।

यसैगरी, न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्ने, केन्द्रीय कानुन पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयमा समाहित गर्ने र विभिन्न स्वरोजगारसम्बन्धी कोषहरूलाई एकीकृत गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्ने योजना अघि सारिएको छ । तराई-मधेस समृद्धि कार्यक्रमलाई संघीयस्तरबाट सञ्चालन गर्नुको सट्टा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने मार्गचित्रले औंल्याएको छ ।

मार्गचित्रले केही सार्वजनिक निकायहरू खारेज गर्न सिफारिस गरेको छ । बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको कार्य लुम्बिनी विश्वविद्यालय र पुरातत्व विभागबाट सञ्चालन गर्न सकिने भन्दै खारेज प्रस्ताव गरिएको छ ।


क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## तीन पूर्वप्रधानमन्त्रीबाट...

तर, घर जलेपछि सम्पत्ति शुद्धीकरण विभागको टोली गएर अनुसन्धान गरेको थियो । नेकपा संयोजक दाहालले पनि जेन-जी विद्रोहीहरूले आफू बसेको घर जलाएको र पाँच लाख रूपैयाँ राखेको बताएका थिए । यस्तोमा बालेन सरकारले ओली, देउवा र दाहालको सम्पत्ति छानबिन प्रक्रियालाई तीव्र बनाएको विवरण सार्वजनिक भएको हो । सोही क्रममा कांग्रेस नेता खड्का पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) डा. मनोजकुमार केसीले खड्काको पक्राउबारे पुष्टि गर्दै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रअनुसार अनुसन्धानका लागि पक्राउ गरिएको बताए । उनले थपे, 'विभागले सहयोग मागेकाले हामीले आवश्यक प्रक्रिया अघि बढाएका हौं ।'

स्रोतको दाबीमा शुद्धीकरण विभागले तीन पूर्वप्रधानमन्त्रीको सम्पत्ति, आम्दानीको स्रोत र वित्तीय कारोबारबारे अध्ययन गरिरहेको छ । यस प्रकरणको पृष्ठभूमि गत भदौको जेन-जी विद्रोह हो । विद्रोहको क्रममा तीन पूर्वप्रधानमन्त्रीका निवासमा तोडफोड र आगजनी भएको थियो । विशेषगरी देउवा र दाहालको निवासमा ठूलो परिमाणमा नगद जलेको भन्ने दाबीसहितका तस्बिर र भिडियो सामाजिक सञ्जालमा भाइरल भएका थिए । त्यसपछि सम्बन्धित निकायहरूले घटनास्थलमा पुगेर मुचुल्का उठाएका थिए र प्रारम्भिक अनुसन्धान सुरु गरिएको थियो ।

सोही क्रममा पूर्वमन्त्री खड्का पक्राउ परे । उनलाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमति प्रहरीले अदालतबाट पाएको छ ।

■■■

## ओली-लेखक...

पूर्वगृहमन्त्री लेखकलाई प्रहरीले अदालतमा उपस्थित गराएको थियो । पूर्वप्रधानमन्त्री ओली त्रिवि अस्पतालबाट भिडिओ कन्फ्रेन्समार्फत बहसमा जोडिएका थिए । उनको स्वास्थ्यमा समस्या देखिएपछि चिकित्सकले अदालतमा उपस्थित गराउन नसकिने सुझाव दिएका थिए । जेन-जी विद्रोहसम्बन्धी घटनाको अध्ययन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा प्रहरीले शनिबार ओली र लेखकलाई पक्राउ गरेको थियो ।

यहीबीच आइतबार नै सर्वोच्च अदालतमा ओली र लेखकको रिहा माग गर्दै बन्दी प्रत्यक्षीकरण रिट दर्ता भएको छ । ओलीको हकमा श्रीमती राधिका शाक्य र लेखकको हकमा श्रीमती यशोधाले गैरकानुनी पक्राउ भएको भन्दै रिहा गर्न माग गर्दै बन्दी प्रत्यक्षीकरण रिट दर्ता गरेका हुन् । दुवै रिटको सुनुवाइ आज हुँदै छ ।

पूर्वमन्त्री दीपक खड्कालाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमति प्रहरीले अदालतबाट पाएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि खड्कालाई आइतबार पक्राउ गरिएको हो ।

■■■

## बेटिङ एपदेखि...

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले यस्ता कार्यक्रमहरू वैशाख १ गतेसम्ममा पूर्णरूपमा बन्द गर्न निर्देशन दिएका हुन् । 'यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्न जाने देखिन्छ,' मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना लक्षित प्रवेश परीक्षा तयारी कक्षा एवं ब्रिज कोर्सका नाममा विभिन्न संस्थाहरूले सञ्चालन गर्दै आएका त्यस्ता कार्यक्रमहरू आगामी २०८३ साल वैशाख १ गतेदेखि पूर्णरूपमा बन्द गर्न यस मन्त्रालयको माननीय मन्त्रीस्तरबाट मिति २०८२/१२/१३ गते निर्णय भएकोले सोहीअनुसार गर्नु गराउनुहुन सम्बन्धित सबैमा यो निर्देशन गरिएको छ ।'

यस्ता कार्यक्रमहरू सञ्चालन भए नभएको अनुगमन गरी सञ्चालन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउनसमेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिइएको छ । सरकारले यसअघि कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा नलिने घोषणा गरिसकेको छ ।

### राष्ट्रिय परीक्षा बोर्डको ट्रेड युनियन भंग

दलीय ट्रेड युनियन खारेज गर्ने सरकारको घोषणालगत्तै राष्ट्रिय परीक्षा बोर्ड कर्मचारी युनियन विघटनको घोषणा गरेको छ । युनियनमा नेपाली कांग्रेसनिकट कर्मचारी आबद्ध थिए । शासकीय सुधारका लागि सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्यसूचीमा उल्लेख ट्रेड युनियन खारेज गर्ने निर्णयलाई स्वागत गर्दै भंग गरिएको युनियनका अध्यक्ष राजु ओलियाले आइतबार बताए ।

'नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये (ख) को (उल्लिखित प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता) बुँदा नं. १२ मा उल्लेख भएबमोजिमको निर्णयलाई स्वागत गर्दै यस कार्यालयमा गठन भएको राष्ट्रिय परीक्षा बोर्ड कर्मचारी युनियन मिति २०८२ चैत १५ गतेबाट भंग गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ,' युनियनले जारी गरेको सूचनामा भनिएको छ ।

सरकारले शुक्रबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकबाट शासकीय सुधारसम्बन्धी कार्यसूची स्वीकृत गरेको थियो । उक्त कार्यसूचीमा निजामती कर्मचारीसँगै शिक्षक, प्राध्यापकले कुनै पनि दलमा आबद्ध हुन नपाउने र दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित र अनौपचारिक दबाबको अन्त्य गर्ने विषय समेटिएको छ ।

बोर्डमा युनियनबाहेक नेपाल राष्ट्रिय कर्मचारी संगठन र निजामती कर्मचारी संगठन सक्रिय छन् । श्रम ऐन २०७४ र ट्रेड युनियन ऐन २०४९ ले गरेको व्यवस्थाका आधारमा कर्मचारीको पेसागत र श्रमका मुद्दामा वकालत एवं पैरवी गर्न आफूहरू संगठित भएको ती संगठनका नेताहरूले तर्क गर्दै आएका छन् । बोर्डमा स्थायी दरबन्दीकासहित मासिक ज्यालादारी, अस्थायी र करार गरी ३२२ कर्मचारी कार्यरत छन् । यी कर्मचारीहरू कुनै न कुनै दलनिकट संगठनमा आबद्ध छन् ।

■■■

## आवेदन दिएकै...

त्यसैगरी, आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई सूचना प्रविधिमा आबद्ध गरी सेवाग्राहीमैत्री बनाउने तथा सेवाको लागत र समय घटाउने पनि मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

मन्त्री साहले दिएका सबै निर्देशनात्मक आदेश कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले श्रमिकको न्यूनतम ज्यालाको पूर्णकार्यान्वयन गर्ने तथा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आबद्ध गर्न अभियान सञ्चालन गर्नेसमेत उल्लेख गरेको छ । साथै, श्रमाधान योजनालाई आन्तरिकीकरण गर्दै 'श्रमाधान कल सेन्टर'लाई थपव्यवस्थित एवं प्रभावकारी बनाइने जनाएको छ ।

■■■

## श्रमिकमाथि हुने...

पठाउनेसम्बन्धी कुनै पनि कार्य गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ । ऐनमा भएको प्रावधान स्मरण गराउँदै कुनै पनि इजाजतपत्र नलिएका संस्थालाई वैदेशिक रोजगारीको नाममा रकम वा राहदानी नबुझाउन विभागले अनुरोध गरेको छ ।

वैदेशिक रोजगारीका लागि कागजात र सेवा शुल्क बुझाउँदा सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले विभागबाट पूर्वस्वीकृति लिए/नलिएको, संस्थाको इजाजत कायम रहे, नरहेको लगायतका विषयमा विभागको बेवसाइट रुजु गरेरमात्र प्रक्रिया अगाडि बढाउन सजग गराइएको छ ।

विभागले कुनै संस्था वा व्यक्तिले वैदेशिक रोजगारीको प्रलोभन देखाई राहदानी संकलन गर्ने, भिजिट भिसामा विदेश पठाई रोजगारी मिलाइदिने आश्वासन दिने र ठूलो रकम असुल गर्नेलगायतका कार्यलाई गैरकानुनी भनेको छ । यस्तो काममा संलग्न व्यक्ति वा संस्थामाथि वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारबाही हुनेतर्फ विभागले सचेत गराएको छ ।

■■■

## करिब एक...

यस्तै, स्थापना भएको लामो समयसम्म पनि कार्यसम्पादन नभएको न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल रेल्वे बोर्ड, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, जग्गा विकास चक्र कोष, नगर विकास समितिहरूलगायत निकाय खारेज सूचीमा परेका छन् ।

यस्तै, केही मेडिकल कलेज पूर्वाधार तथा विकास आयोजनाहरू पनि खारेजी सूचीमा परेका छन् । मेडिकल कलेज पूर्वाधार विकास आयोजना बर्दिवास, बुटवल र सुर्खेत खारेज गर्नुपर्ने सूचीमा छन् । यी आयोजना सम्पन्न भएपछि स्वतः खारेज गर्नुपर्ने उल्लेख छ । यस्तै, राष्ट्रिय दुग्ध विकास बोर्डको काम पशु सेवा विभागबाट सञ्चालन गर्न सकिने र जिल्ला निर्वाचन कार्यालयहरू खारेज गरी जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गर्ने तथा प्रदेशस्तरमा निर्वाचन कार्यालय स्थापना गर्ने प्रस्ताव गरिएको छ ।

मार्गचित्रले प्रशासनिक प्रक्रिया सरलीकरणका लागि केही अनुमति प्रणालीसमेत खारेज गर्न सिफारिस गरेको छ । यसमा श्रम स्वीकृति प्रणाली र वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन लेटर' (एनओसी) हटाउने प्रस्ताव समावेश छ, जसले सेवाग्राहीलाई सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यस्तै, संघीय संरचना सुदृढीकरणका लागि केही निकाय प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सुझाव दिइएको छ । राष्ट्रिय चुरे संरक्षण समितिलाई पुनर्संरचना गरी प्रदेशमा हस्तान्तरण गर्ने, वनस्पति अनुसन्धान केन्द्रहरू, पशुपन्छी रोग अन्वेषण परियोजना, विभिन्न सिँचाइ आयोजना तथा 'जनताको तटबन्ध कार्यक्रम' सम्बन्धित प्रदेशलाई जिम्मा दिने प्रस्ताव गरिएको छ । साथै, विभिन्न पर्यटन संरक्षण तथा विकास समितिहरूलाई पनि प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने औंल्याइएको छ ।

सुशासन मार्गचित्रमा निश्चित उद्देश्य, लागत र समयसीमा तोकी स्थापना गरिएका समिति तथा आयोजनाहरू उद्देश्य पूरा भएपछि स्वतः खारेज गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ ।


## प्रोभिजनल सर्टिफिकेट हरायो

मिति २०८२/११/०८ गते कलंकी देखि महाराजगंज, चक्रपथ सम्म जादाँ मेरो Manmohan Memorial Institute of Health Sciences बाट Bachelor in Nursing(BN) गरेको प्रोभिजनल सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न फोन नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नामः दीपा गौतम
सम्पर्क नं.: ९८४१४११२४९
ठेगानाःमहाराजगंज-०३,काठमाण्डौं।



## सूर्यकोट बहुउद्देश्यीय कृषक समूहको
### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/१२/१६ गते

कृषि विकास कार्यालय, काभ्रेको सहयोग तथा इन्द्रावती गाउँपालिकाको साझेदारीमा सञ्चालन भइरहेको "एक वडा एक उत्पादन" कार्यक्रम अन्तर्गत मसला बाली प्रवर्द्धनका लागि कृषकहरूलाई अदुवा बीउ (३०,००० के.जी.) वितरण गर्नुपर्ने भएकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम इच्छुक, योग्य तथा इजाजतप्राप्त विक्रेता कम्पनी/फर्महरूबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. **खरिद विवरण** :
- सामानको नामः अदुवा कपुरकोटे १ र २ को जात
- परिमाणः ३०,००० के.जी.
- गुणस्तरः तोकिएको मापदण्ड अनुसारको निम्नत हुनुपर्ने मा ४० देखि ६० ग्राम गानु रोग किरा ढुसी नलागेको गानु कुहिने रोग नलागेको हुनुपर्नेछ।

२. **दरभाउपत्र पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा

थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क नं.: ९८५११५५६३०**

अध्यक्ष
सूर्यकोट बहुउद्देश्यीय कृषक समूह, इन्द्रावती गाउँपालिका-५, सि.पा


## औपचारिक माफी माग्ने सरकारको प्रतिबद्धताप्रति दलित समुदायद्वारा स्वागत

**काठमाडौं (प्रस)–** दलित तथा ऐतिहासिकरूपमा बहिस्कृत समुदायमाथि सरकारले औपचारिकरूपमा माफी माग्ने विषयको दलित समुदायले स्वागत गरेका छन्। दलित समुदायका नेता, अधिकारकर्मी र विभिन्न संघसंस्थालगायतले मन्त्रिपरिषद्बाट स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको (क) को साझा प्रतिबद्धता, समन्वय र जनविश्वासको बुँदा नं ५ लाई स्वागत गरेका हुन्।

सो बुँदामा भनिएको छ, 'दलित तथा ऐतिहासिकरूपमा बहिस्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसर वाचनको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनःस्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यकातर्फबाट औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने।'

नेपाल दलित महिला उत्थान संघकी अध्यक्ष विन्दु परियारले दलित समुदायमाथि सदियौंदेखि हुँदै आएको बहिस्करण, विभेद, अन्यायको राज्यले नै औपचारिकरूपमा माफी माग्नु स्वागगयोग्य भएको बताइन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७४/१२/१६ मा दर्ता भएको प्रा.लि.नं. १८६६८९ को **भ्वे छें रेष्टुरेन्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/०४ मा दर्ता भएको **प्रा.लि. नं. २४२३१५/०७७/०७८** को **एफ. एण्ड डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८२/१२/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग, काठमाण्डौको सूचना

**प्रकाशित मितिः २०८२/१२/१५**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **GURUNG MAGAR SERVICES PVT. LTD.** (ई.प.नं. **857/066/67**) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाणसहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१२/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिलः**

| साविकका शेयरधनीहरूको नाम र शेयर संख्या | अव कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. बिरेन्द्र राना -०१ देखि १५००० सम्म<br>२. सुशिल लामा -०१५००१ देखि १८००० सम्म र -२५५०१ देखि ३००० सम्म<br>३. संजीव कुमार पुलामी -१८००१ देखि २५५०० सम्म | १. बिरेन्द्र राना -०१ देखि ४५०० सम्म<br>२. सुशिल लामा -४५०१ देखि १२००० सम्म<br>३. शंकर गुरूङ -१२००१ देखि १८००० सम्म<br>४. हिमाल ध्वज थापा -१८००१ देखि २४००० सम्म<br>५. ईश्वरी धिताल (भण्डारी) -२४००१ देखि ३०००० सम्म |


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १६ चैत, २०८२**

**मेष** मन प्रफुल्ल रहनेछ। विश्वासपात्रबाट सहयोग मिल्न सक्छ।

**वृष** तनावले सताउनेछ। नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ।

**मिथुन** नयाँ नयाँ विचार आउनेछ। धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ।

**कर्कट** रमाइलो भेटघाट हुनेछ। सोचेर अघि बढ्नु उचित हुन्छ।

**सिंह** नयाँ योजनामा काम हुन सक्छ। आलस्य त्याग गर्नु राम्रो हुन्छ।

**कन्या** बौद्धिकतामा वृद्धि भएर जानेछ। समाजमा सम्मान मिल्ने सम्भावना छ।

**तुला** सम्मान प्राप्त हुने योग छ। श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला।

**वृश्चिक** स्वास्थ्य गडबड हुन सक्छ। खानपिनमा ध्यान दिनु राम्रो हुन्छ।

**धनु** दौडधुप बढ्नेछ। नयाँ कामको अवसर प्राप्त हुनेछ।

**मकर** कडा परिश्रम गर्नुपर्नेछ। दिन सामान्य रहनेछ।

**कुम्भ** आडम्बरीपन बढेर जानेछ। शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ।

**मीन** अहंकार बढेर जानेछ। कामामा मन जानेछैन।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ चैत, २०८२ (३० मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.४१ | १५२.०१ |
| युरो | १ को | १७४.३२ | १७५.०१ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.४१ | २०२.२० |
| स्विस फ्रैन्क | १ को | १८९.९२ | १९०.६७ |
| अस्ट्रेलियन डलर | १ को | १०४.३७ | १०४.७९ |
| क्यानाडियन डलर | १ को | १०९.३२ | १०९.७५ |
| सिङगापुर डलर | १ को | ११७.६४ | ११८.१० |
| जापानी येन | १० को | ९.४७ | ९.५१ |
| चिनियाँ युआन | १ को | २१.९१ | २१.९९ |
| साउदी अरब रियाल | १ को | ४०.३५ | ४०.५१ |
| कतारी रियाल | १ को | ४१.४४ | ४१.६१ |
| थाई भाट | ख १ को | ४.६० | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.२३ | ४१.३९ |
| मलेसियन रिङेट | १ को | ३७.७३ | ३७.८८ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.०५ | १६.११ |
| डेनिस क्रोनर | १ को | २३.३३ | २३.४२ |
| हङकङ डलर | १ को | १९.३३ | १९.४० |
| कुवेती दिनार | १ को | ४९३.७६ | ४९५.७१ |
| बहराइन दिनार | १ को | ४०१.५७ | ४०३.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विषादी प्रयोगमा सावधानी नअपनाउँदा क्यान्सर र मिर्गौला रोगी बढ्दै

**पाटन (ललितपुर)**– तरकारी उत्पादनका समयमा गरिने तरकारीमा हुने अत्यधिक विषादी प्रयोगमा सावधानी नअपनाउँदा क्यान्सर र मिर्गौला रोगी बढ्दै गएको भन्दै सरोकारवालाले सचेतता जगाउनुपर्नेमा जोड दिएका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरले आइतबार यहाँ आयोजना गरेको पोषण प्रवर्द्धनअन्तर्गत विषादी न्यूनीकरणसम्बन्धी समन्वयात्मक बैठकमा धारणा राख्दै जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा. खगेश्वर गेलालले तरकारी उत्पादनका समयमा विषादी प्रयोग गर्दा सचेत नहुँदा क्यान्सर, मिर्गौलालगायतका रोगीको संख्या दिनानुदिन बढ्दै गएकाले प्रभावकारीरूपमा सचेतना जगाउनु आवश्यक रहेकामा जोड दिए ।

'विषादी प्रयोगमा सचेत नहुँदा हरेक जटिल किसिमका रोगको समस्या भएका धेरै बिरामीका लागि सिफारिस गर्नुपरेको छ, यसको प्रमुख कारण विषादीको अत्यधिक प्रयोग हो, त्यसको असरबाट बच्ने उपाय थाहा नहुँदा समस्या परेको छ,' उनले भने ।

डा. गेलालले पोषण प्रवर्द्धनअन्तर्गत विषादी न्यूनीकरणका लागि स्वास्थ्य क्षेत्रमा परिणाममुखी कार्यका लागि ध्यान दिनुपर्ने भन्दै यसका लागि स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाइनुपर्छ भने । 'उत्पादन बढाउन विषादी प्रयोग गर्नुस्, तर विषादीको प्रयोग र उत्पादित तरकारीको उपयोगमा सुरक्षित हुनुस् भनेर सचेतता जगाउनु आवश्यक छ, विषादीको असर न्यूनीकरण भएपछि मात्रै तरकारी उपयोग गर्नुस् भनेर सचेतना जगाउन ध्यान दिनुपर्छ,' उनले भने ।

सहायक प्रमुख जिल्ला अधिकारी सुप्रभा घिमिरे ढुंगेलले धेरै सचेतना जगाउनुपर्ने अवस्था रहेको भन्दै कृषक, उपभोक्ता र व्यवसायीबीच समन्वय तथा सचेतना जगाउन स्थानीय तहलाई नै बढी ध्यान दिनुपर्छ भन्नेमा जोड दिइन् ।

'जिल्ला प्रशासन कार्यालयले धेरै विषयमा ध्यान दिनुपर्ने हुँदा प्रभावकारी काम हुन सकिरहेको छैन, विषादीका बारेमा कोरोना महामारीका समयमा नागरिकलाई अलि सचेत गराउन सकिएको थियो, सचेतना जगाउन सबै सरोकारवाला कार्यालयले संयुक्तरूपमा काम गर्नुपर्ने अवस्था छ,' उनले भने ।

सहायक प्रजिअ घिमिरेले विषादीको उपयोग अनुगमनको पक्षलाई बलियो बनाउन स्थानीय तहसँग मिलेर काम गर्नुपर्नेमा जोड दिँदै भोलिको पुस्तालाई सचेत गराउन विद्यालय तहमा गएर सचेतना जगाउन आवश्यक रहेको बताइन् । उनले पूर्वाधार, परीक्षण प्रयोगशाला र शिक्षाका लागि काम गर्न स्थानीय तहलाई नै प्रभावकारी बनाउनुपर्ने बताइन् ।

पोषण प्रवर्द्धन तथा कृषि क्षेत्रमा विषादीको न्यूनीकरणका उपायका बारेमा प्रस्तुतीकरण गर्दै कृषि विकास कार्यालय ललितपुरकी बाली संरक्षण अधिकृत रीतिक्षा पौडेलले विषादीको उपयोग खतरा भएको बताउँदै बीउको उपचार र कीटनाशक कार्यका लागि प्रयोग गरिने विषादीले मानव स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने हुँदा अत्यन्तै सचेत हुनुपर्नेमा जोड दिइन् ।

'नेपालमा १९९० को दशकदेखि नै विषादी उपयोग हुँदै आएको थियो, तराई र उपत्यकामा धेरै विषादी उपयोग हुँदै आएको छ, तरकारी बालीमा धेरै विषादी प्रयोग हुने गरेको तथ्यांक छ, नेपाल विश्वमा कम विषादी प्रयोग गर्ने देश भए पनि सुरक्षित प्रयोगमा ध्यान नदिँदा त्यसको असर बढी पर्ने गरेको छ,' उनले भनिन् ।

नेपालमा ०.३९६ किलोग्राम प्रतिहेक्टर विषादी प्रयोग हुने गरेको जानकारी गराउँदै बाली संरक्षण अधिकृत पौडेलले विषादीलाई औषधिका रूपमा परिभाषित गर्दै प्रयोग गर्ने कार्यले समस्या सिर्जना भएको बताइन् । विषादी व्यवसायी संघका केन्द्रीय अध्यक्ष गणेश बानियाँले स्थानीय तहको प्राविधिक जनशक्तिले किसानसम्म पुगेर सचेतना जगाउने कार्यमा ध्यान दिनुपर्ने बताउँदै किसानलाई आइपिएम खेती पद्धतिलाई प्रोत्साहन गर्न जोड दिनुपर्ने धारणा राखे । *रासस*

## बैतडीका दुई पालिकामा निःशुल्क प्रजनन स्वास्थ्य शिविर

**बैतडी (प्रस)**– बैतडीका दुई पालिकामा प्रजनन स्वास्थ्य शिविर सञ्चालन हुने भएको छ । ग्रामीण क्षेत्रका महिलालाई प्रजनन स्वास्थ्यसम्बन्धी सेवा दिने उद्देश्यले यहाँका सुर्नया र पाटनले स्वास्थ्य शिविरको आयोजना गरेका हुन् ।

केही स्वास्थ्य संस्थामा यसअघि नै शिविर सम्पन्न भइसकेको र केही स्वास्थ्य संस्थामा शिविर सञ्चालनको तयारी भइरहेको पाटन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मदनसिंह महराले जानकारी दिए । सोमबार सिलंगा स्वास्थ्यचौकी र मंगलबारभूमेश्वर स्वास्थ्य चौकीमा शिविर सञ्चालन हुने उनले बताए ।

स्वास्थ्य संस्थामा सञ्चालन हुने शिविरमा पाठेघर खस्ने समस्या जाँच, उपचार र परामर्श, पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ, स्तन क्यान्सरको स्क्रिनिङ, प्रसप फिस्टुलाको स्क्रिनिङ, तल्लो पेटको दुखाइ हुने, सेतो पानी बग्ने समस्याको जाँच र उपचार, परिवार नियोजनको लामो अवधिको साधन इम्पलान्ट राखिने र गर्भवती महिलाको निःशुल्क अल्ट्रासाउण्ड सेवा दिइने बताइएको छ ।

यस्तै सुर्नया गाउँपालिकामा आइतबारदेखि प्रजनन स्वास्थ्य शिविर सञ्चालन भएको छ । आज भूमिराज आधारभूत स्वास्थ्य सेवा केन्द्रमा शिविर सञ्चालन भएको हो । यसैगरी चैत १६ गते गते शिखरपुर स्वास्थ्यचौकी, १७ गते शंकरपुर स्वास्थ्यचौकी, २० गते रौलेश्वर स्वास्थ्यचौकी र २१ गते भौनेली स्वास्थ्यचौकीमा शिविर सञ्चालन हुने स्वास्थ्य शाखा प्रमुख रामसिंह महराले बताए ।


**Sudurpashchim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Kailali**

## Invitation for Bid

**Date of Publication: 2082/12/16 (30 March, 2026)**

1. Infrastructure Development Office, Kailali invites Electronic NCB Bids for the Projects given in the table below.

| S. No. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Including VAT & PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOKAILALI/W/NCB/82/83-67 | Construction of Slab Culvert at Kanchhikhola School Road, Mohanyal Rmun-04, Kailali | 24,22,619.52 | 53,000 | 120 days | 3,000.00 |
| 2 | IDOKAILALI/W/NCB/082/83-68 | Construction of Different 3 Roads and 1 Slab Culvert in Lamkichuha Municipality-3,6, 7 & 9, Kailali | 1,05,57,670.24 | 2,65,000 | 120 days | 3,000.00 |
| 3 | IDOKAILALI/W/NCB/82/83-69 | Construction of Different 3 Roads and 1 Culvert in Tikapur Municipality-1 &7, Kailali | 58,72,320.88 | 1,50,000 | 120 days | 3,000.00 |
| 4 | IDOKAILALI/W/NCB/82/83-70 | Construction of Different 3 Roads in Dhangadhi Sub-Metropolitan City Ward No-1, 2 & 3 Kailali | 73,07,302.52 | 1,85,000 | 120 days | 3,000.00 |
| 5 | IDOKAILALI/W/NCB/82/83-71 | Construction of Slab Culvert at Mohanyal Ma Vi East Nala, Gauriganga Mun-01 Kailali | 37,00,631.92 | 93,000 | 120 days | 3,000.00 |
| 6 | IDOKAILALI/W/NCB/82/83-72 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi -13,and Godawari-05 Kailali | 73,00,017.80 | 1,85,000 | 120 days | 3,000.00 |
| 7 | IDOKAILALI/W/NCB/82/83-73 | Construction of Different 2 Slab Culvert and upgrading of 1 Road Located in Godawari Municipality City , Kalali | 82,44,001.188 | 2,07,000 | 120 days | 3,000.00 |

2. Eligible Bidders may obtain further information from PPMO's *website* **www.bolpatra.gov.np/egp**.

**Office Chief IDO, Kailali**



## मलेसियामा रोजगार

कम्पनी : Georgia Villa Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | LT. No. 340244

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 16 | 0 | 1700 | ६४,२४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २३ गते (6th Apr. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Manager ( 1 Male)  2. PRO ( 2 Male and 1 Female)

योग्यता : Bachelor passed (for Manager) , अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभवी

* तलब: आपसी समझदारीमा
* आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
E-mail : document@itlrecruitmentnepal.com



## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धि ७ दिने सूचना

**पाँचौ पटक प्रकाशित मिति: २०८२।१२।१६**

यस सहकारी संस्थाबाट ऋणलिनु भएका तपसिलका ऋणी सदस्यले ऋण लिंदाको शर्त तथा भाखा बमोजिम तिर्नुपर्ने साँवा, व्याज तथा हर्जाना रकम समयमा नतिरी नबुझाई पटक पटक लिखित एवं मौखिक ताकेता गर्दा तथा पत्रिकाहरूमा ३५ दिने तथा १५ दिने सूचनाहरू प्रकाशन गरी तरताकेता गर्दा तथा प्रथम पटक मिति २०८२।१०।०४ गते, दोस्रो पटक मिति २०८२।११।११ तथा तेस्रो पटक मिति २०८२।११।२८ गते, चौथो पटक मिति २०८२।१२।०८ मा धितोमा रहेको अचल सम्पत्तिको लिलामबिक्री सम्बन्धी ३५ दिने, १५ दिने र ७ दिने सूचनाहरू क्रमश: प्रकाशित गरी ताकेतागर्दा समेत उल्लेखित समयावधि भित्र कर्जा तिर्न बुझाउन नआउनु भएकोले यो पाँचौ पटक सूचना प्रकाशन गरिएको छ । अत: यस पाँचौ पटक प्रकाशित सूचना बमोजिम ७ दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम तिर्न बुझाउन आउनु भनी ऋणी तथा धन जमानीकर्ता समेतलाई पुन: अनुरोध गरिएको छ। अन्यथा यस सूचना प्रकाशित भएको मितिले आठौं दिनमा संस्था सँग ऋण लिँदा गरेको लिखित सम्झौता, सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५, काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ५८, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम यस संस्थाको नाममा धितो रोक्का कायम रहेको तपसिलमा उल्लेखित घर जग्गा यस संस्थाको मुख्यकार्यालय रहेको काठमाडौ जिल्ला, का.म.न.पा वडा नं.२२, वटु, स्थित कार्यालयमा मिति २०८२ चैत्र २३ गते दिउँसो २:०० बजे लिलामबिक्री गरी यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने भएकोले तपसिल बमोजिमका घर/जग्गा यथास्थितिमा लिलाम बढाबढ गर्न मिति २०८२ चैत्र २३ गते बिहान ११:०० बजे भित्र गोप्यशिलबन्दी बोलपत्र पेश गर्न आउनुहुन इच्छुक सर्वसाधारण/फर्मलाई र सम्बन्धित ऋणी तथा जमानीकर्ता एवं सम्पत्ति धितो बन्धक लेखिलिने सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । ऋणीको धितो लिलामबिक्री गर्दा समेत संस्थाको लेना रकमको साँवाव्याज, हर्जाना र विविध खर्च असुल नभएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघर परिवारका सदस्यहरूको नाममा रहेका भएका चलअचल सम्पत्तिबाट समेत असुलउपर गरिलिने र ऋणी तथा जमानीकर्तालाई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न लेखी पठाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लिलामबिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहींकतै उजुरबाजुर गर्न पाइने छैन । यस सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा शिलबन्दी बोलपत्र खरिद र दर्ता गर्न सकिनेछ। लिलामहुने दिन बिदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा लिलाम हुनेछ। लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ । कसैले बोलकबोल नगरेमा सम्बन्धित धितो राखिएको सम्पत्ति यस संस्था आफैंले सकार गर्ने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ । धितो लिलाम सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ। न्यूनतम कबोल अंक बोलपत्र फाराममा उल्लेख गरिएको छ। साथै धितो निरीक्षण सम्बन्धी जानकारी तथा अन्य थप जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| ऋणीको तिन पुस्ते नाम तथा ठेगाना : | जमानी दिनेको तिन पुस्ते नाम तथा ठेगाना : | धितोको विवरण |
|---|---|---|
| **नाम : बाबु लाल रोक्का**<br>बाबु : सुकदेव रोक्का<br>बाजे : डोल बहादुर रोक्का<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष, वडा नं.४ (हाल नीलकण्ठ न.पा. वडा नं. १२,<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं. १६, ठमेल<br>ना.प्र.नं.२६-२२९४६, धादिङ २०५४/१०/०७ | **नाम : कमला रोक्का**<br>बाबु : मान बहादुर नेपाली<br>बाजे : दल बहादुर नेपाली<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष गा.वि.स, वडा नं.४,<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं. १६, ठमेल<br>ना.प्र.नं.२६३०२८/१४३, धादिङ ०६३/१०/२५ | धादिङ जिल्ला, सांकोष गा.पा. (हाल नीलकण्ठ न.पा. वडा नं.१२) वडा नं./नक्सा सिट नं.३/३ (ख), कित्ता नं.१०८, क्षेत्रफल १०-४-२-३ (५,२३६.४४ व.मि.) |

Saving & Credit Co-operative Ltd.
ॐ सूर्य बचत तथा ऋण सहकारी संस्था लि.
वटु, न्यूरोड, का.म.न.पा.–२२ काठमाडौं, फो.नं.५३२०२४३



## गैह्र बैंकिङ्ग/सहकारी जग्गा लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**प्रकाशित मिति: २०८२/१२/१६ गते, सोमबार**

यस संस्थाको नाममा रहेको तपशिल विवरणमा उल्लेखित गैह्र बैंकिङ्ग सहकारी सम्पत्ति (जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ७ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म उक्त सम्पत्ति (जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाहरुले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही यस संस्थाको मुख्य कार्यालय ललितपुर-१९, कुमारीपाटीमा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

**तपशिल**

| सि.नं. | सम्पत्तिको विवरण |
|---|---|
| १) | काठमाडौं जिल्ला साविक डाँडापौवा रामकोट गा.वि.स. वडा नं. १ग को कित्ता नं. १०२१ को क्षेत्रफल २-४-०-० को जग्गा |

१) लिलाम बिक्री गरिने सम्पत्तिको स्थलगत निरीक्षण गर्न चाहेमा, कागजपत्रहरु हेर्न चाहेमा जम्माको न्युनतम मुल्य बुझ्न चाहने प्रस्तावकहरुले बोलपत्र पेश गर्नु अगावै संस्थाको मुख्य कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
२) लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्न इच्छुक प्रस्तावकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म दिनको २:०० बजेदेखि ४:०० बजेसम्म बोलपत्र फारम खरिद गरी दर्ता गर्न सकिनेछ।
३) बोलपत्र फारम संस्थाको मुख्य कार्यालयबाट रु.१.०००/- (अक्षरुपी एक हजार मात्र) तिरी फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ र फोटो कपी गरिएको फारम मान्य हुने छैन।
४) बोलपत्र फारममा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफूले चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नुपर्नेछ।
५) लिलाम बिक्रीमा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने प्रस्तावकले आफूले कबोल गरेको रकमको १०% ले हुने रकम संस्थाको बैंक खातामा जम्मा गरेको भौचर संस्थामा बुझाउनु पर्नेछ।
६) लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्ने प्रस्तावकले संस्थाबाट लिलाम बिक्री निश्चितताको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुक्ति नलिएमा धरौटी बापत रहेको १०% रकम फिर्ता गर्न संस्था बाध्य हुने छैन।
७) लिलाम बिक्री प्रक्रियाबाट खरिद गर्ने प्रस्तावकले उल्लेख गरिएको मूल्यको १०% रकम सोही दिन नबुझाएमा निजपछि सबै भन्दा बढी रकम प्रस्ताव गर्ने प्रस्तावकको नाममा लिलाम बिक्री गरिनेछ।
८) रित नपुगेको वा म्याद नाघि आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ।

**बोलपत्र खोलिने मिति, समय र स्थान**
**बोलपत्र खोल्ने मिति:** २०८२/१२/२२
**समय:** दिउँसो २:०० बजेदेखि दिनको ४:०० बजेसम्म
**स्थान:** संस्थाको मुख्य कार्यालय, ललितपुर-१९, कुमारीपाटी

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.
PANCHASHIL MULTIPURPOSE CO-OPERATIVE LTD.
**मुख्य कार्यालय** : ल.म.न.पा. वडा नं. १९, कुमारीपाटी, फोन नं.: ०१-५४०८५८५, ५४३२७१८
Email: info@panchashilmcl.com.np, Web: panchashilmcl.com.np
**सदस्य सेवाकेन्द्रहरु** : चापागाउँ, ललितपुर फोन नं.: ०१- ५२६५४७१, सरस्वतिनगर, काठमाण्डौ, फोन नं.०१-४८१३४४७, कोटेश्वर, काठमाण्डौ, फोन नं.: ०१-४६१०६१७, ४६१०१०७, न्यूरोड, काठमाण्डौ, फोन नं.: ०१-५३५५४०८, सुर्यविनायक, भक्तपुर, फोन नं.: ०१-६६१५६४७

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आशा जगाउने सरकारको कार्यसूची

शासकीय सुधारमा बालेन्द्र शाह नेतृत्वको सरकार 'टाइम कार्ड' नै लागू गरेर उत्रिएको छ । सरकार बनेको पहिलो दिन नै १०० कार्यसूची बनाएर यसको कार्यान्वयनमा सरकारले 'डेडलाइन' बनाएको सायद यो पहिलोपटक हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो चुनावी वाचापत्र यसपटक मन्त्रीहरूको संख्या घटाउनेदेखि संविधान संशोधनको विषयसमेत समेटिएको थियो । रास्वपाको वाचापत्रमा भएका विषयहरूमा टेकेर सरकारले मन्त्रालयको संख्या १७ बनाउने, दलित तथा बहिस्कृत समुदायमाथि भएको अन्यायप्रति राज्यको तर्फबाट क्षमायाचना गर्ने, २०४८ यता उच्च पदमा बसेकाहरूका सम्पत्ति छानबिन गर्नेजस्ता कार्यदेश डेडलाइन नै तोकेर अघि सारेको हो ।

मन्त्रिपरिषद्ले गरेको निर्णयमा भदौ २३ र २४ गते भएको जेन–जी विद्रोहको घटनामा गौरीबहादुर कार्की आयोगले दिएको प्रतिवेदनबमोजिम दोषीलाई कारबाही गर्ने प्रक्रिया सरकारले अघि बढाइसकेको छ । यसैगरी यो सरकारले १०० कार्यसूचीमा भएकामध्ये सट्टेबाज गर्ने बेटिङ एप र वेबसाइटहरू आइतबार बन्द गरेको छ । यसले सुधारको संकेत गरेको छ ।

यसअघि केपी ओली नेतृत्वको सरकारले प्रत्येक मन्त्रीसँग कार्यसम्पादन सम्झौता गर्ने कार्यक्रम अघि सारेको थियो । ओलीले अघि बढाएको कार्यक्रममा मन्त्रीहरूले पनि मन्त्रालयका सचिवसँग कार्यसम्पादन सम्झौता गर्दथे । ती सम्झौता के हुन्थे भन्ने कुरा भने सार्वजनिक हुँदैनथे । बेलाबेला सम्झौताअनुसार काम नभए मन्त्रीबाटै फिर्ता बोलाउनेसम्मको चेतावनी ओलीले दिन्थे । तर कांग्रेससँगको गठबन्धनमा बनेको उक्त सरकारका मन्त्रीहरूलाई ओलीले न त हटाउन सके न त कार्यसम्पादन सम्झौताअनुसारको काम नै भए । ती प्रायः झारा टार्ने खालका सम्झौता थिए । बरु ओली नेतृत्वको सरकार जनआक्रोशकाबीच जेन–जी आन्दोलनसँगै ढल्यो ।

यसअघि पनि नयाँ बन्ने सरकारले लोकप्रिय कार्यक्रमहरू अघि सारेर जनता रिझाउने गर्थे । यसपटक बालेन्द्र सरकारले महिलाहरूका लागि निःशुल्क ब्लु बस चलाउने, राष्ट्रिय परिचयपत्र, लाइसेन्स, नागरिकताजस्ता सरकारी कागजात घरमै पुऱ्याउने कार्यक्रम अघि सारेर लोक रिझाउने प्रयास गरेको छ । विश्वविद्यालयमा राजनीतिक दलका विद्यार्थी संगठन हटाउने, दलीय ट्रेड युनियन हटाउने, सरकारी कामकाज डिजिटल बनाउने र सरकारी सेवा बिचौलियारहित बनाउनेजस्ता विषय कार्यसूचीमा समेटिएका छन् ।

भ्रष्टाचारमुक्त भन्दै प्रहरी चौकीदेखि मालपोत कार्यालयहरूमा 'बिचौलिया निषेधित' लेखिएको स्टिकर टाँसेको धेरै भयो । व्यवहारमा यो लागू भएको छैन । कम्पनी रजिस्ट्रार कार्यालयमा एउटा कम्पनी दर्ता गर्न वा खारेज गर्ने बिचौलियाको गुहार माग्नुपर्ने अवस्था छ । मालपोत कार्यालयहरूमा बिचौलियाको बिगबिगी हुन्छ । यस्ता संस्थाहरूमा सरकारी सहायता डेस्क स्थापना भएको धेरै भइसक्यो । तर तिनले सघाउनेभन्दा पनि दुःख दिने काम धेरै गर्छन् । अदालतमा कर्मचारीले फाइल फनफनी घुमाएर सेवाग्राहीलाई दुःख दिने काम पनि वर्षौंदेखि चल्दै आएको छ । यसैले यस्तो विषयमा पनि सरकारले विशेष ध्यान देओस् र १०० कार्यदेशमा नअटेका विषय अर्को चरणमा आओस् ।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# बूढानीलकण्ठको 'पानी माफिया': सार्वजनिक स्रोतमाथि पारिवारिक कब्जा



❑ मोहनकुमार दाहाल

“ बूढानीलकण्ठ नगरपालिकाको पानी संकट प्राकृतिक स्रोतको अभाव होइन; यो सुशासनको संकट हो, राजनीतिक संरक्षणमा फस्टाएको कालोबजारीको परिणाम हो । यहाँ पानी छ, तर पहुँच छैन । मुहान छन्, तर कब्जा छ । सरकारी संयन्त्र छ, तर मौन छ । जबसम्म राज्यका निकाय (केयुकेएल, स्थानीय सरकार, प्रहरी, प्रशासन) यस 'पानी माफिया'विरूद्ध एकजुट भएर अघि बढ्दैनन्, र पानीलाई नाफाको केन्द्र नभई जीवनको आधारभूत अधिकार ठान्दैनन्, तबसम्म बूढानीलकण्ठबासीले ढुंगेधारा र इनारको लेदो पानी पिउन बाध्य रहने छन् ।

काठमाडौं उपत्यकाको सुन्दर उत्तरी प्रवेशद्वार बूढानीलकण्ठमा म बस्न थालेको करिब एक दशक भयो । शिवपुरी राष्ट्रिय निकुञ्जको काखमा रहेको यो क्षेत्र प्राकृतिक स्रोतले सम्पन्न छ । यहाँ वर्षायाममा झरनाहरू झर्छन्, कुवाहरू भरिन्छन्, भूमिगत जलको स्तर पनि राम्रै छ । तर, विडम्बना, यहाँका बासिन्दा खानेपानीको भयावह संकटबाट गुज्रिरहेका छन् ।

जसको घर क्षेत्र ठूलो छ, उनीहरू 'डिप बोरिङ' खनेर पानी प्रयोग गरिरहेका छन् । तर, जसको क्षेत्र नपुग्ने घरधनीहरू ठूलो समस्यामा परेका छन् । उनीहरू दैनिकजसो टचांकर कुरेर, पालो काटेर, महँगो मूल्य तिरेर पानी जोहो गर्न बाध्य छन् ।

## धारा जडानमा 'खुला डकैती'

बूढानीलकण्ठ क्षेत्रमा खानेपानीको वितरणमा देखिएको सबैभन्दा ठूलो बेथिति 'धारा जडान'को शुल्कमा छ । सरकारी निकाय काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को नियमअनुसार धारा जडान गर्न करिब चार हजार ५०० देखि पाँच हजार रूपैयाँमात्र लाग्छ । तर, बूढानीलकण्ठका विभिन्न भागमा सक्रिय 'खानेपानी उपभोक्ता समिति'का नाममा गठित संस्थाहरूले एउटा धारा जडान गरेबापत एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म असुल गरिरहेका छन् ।

यो सीधा-सीधा आर्थिक ठगी हो । यति ठूलो रकम कुन कानुनका आधारमा उठाइन्छ ? यो रकम कुन खातामा जान्छ र यसको लेखापरीक्षण कसले गर्छ ? यी प्रश्नहरूमा स्थानीय प्रशासन र राजनीतिक दलहरू रहस्यमयरूपमा मौन छन् । यो मौनता केवल अकर्मण्यता होइन, बरु आर्थिक लेनदेन, राजनीतिक प्रभाव र बिचौलियाको बिगबिगीको उपज हो ।

बूढानीलकण्ठ नगरपालिकाको पानी संकट प्राकृतिक स्रोतको अभाव होइन; यो त राजनीतिक आडमा फस्टाएको 'पारिवारिक सिण्डिकेट' को पराकाष्ठा हो । मुहान कब्जा गर्ने, चार हजार ५०० रूपैयाँको धारालाई तीन लाख रूपैयाँ असुल्ने र प्रश्न गर्नेलाई धम्क्याउने यो प्रवृत्ति अब सहच हुनु हुँदैन ।

जबसम्म राज्यका निकाय, प्रहरी र प्रशासन यी पारिवारिक घेराभन्दा माथि उठेर नागरिकको सुरक्षा र हकको रक्षा गर्दैनन्, तबसम्म हामी लेदो पानी पिउन र डरमा बाँच्न बाध्य हुनेछौं । राज्यको मौनता अब 'अपराध' सरह भइसकेको छ । अब जनता आफैं सचेत नभए हाम्रो तिर्खामाथि राजनीति गरिरहने यी अनुहारहरू कहिल्यै सच्चिने छैनन् ।

## १० वर्षको अनुभवः उही समस्या, उही पीडा

१० वर्षदेखि बूढानीलकण्ठमा बसोबास गरिरहेका स्थानीयवासीको अनुभवमा पानीको समस्या उस्तै छ, झन् जटिल बन्दै गएको छ । निर्वाचन आउँछ, यहाँका जनप्रतिनिधि तथा उम्मेदवारहरू (ईश्वर पोखरेल, प्रदीप पौडेल, विजय थापा, मोहन बस्नेतलगायत) सबैले प्रतिबद्धतापत्र बाँड्छन्, खानेपानी समस्या समाधान गर्ने वाचा गर्छन्, तस्बिर खिच्छन् । तर, समस्या त्यत्तिकै छ । यसबारे कुरा उठाउँदा 'गुण्डाले पिट्ने हो कि, मार्ने हो कि' भन्ने डर स्थानीय जनतामा व्याप्त छ । प्रशासन र प्रहरी पनि मौन छ । उजुरी दिने ठाउँ छैन, सुनुवाइ हुने ठाउँ छैन ।

खानेपानी संकट अब केवल 'अभाव' मात्र रहेन, यो एउटा 'संगठित बजार' मा परिणत भएको छ । सरकारी निकाय केयुकेएलको असफलताको जगमा खडा भएको, एकाध राजनीतिक प्रभावमा परी गठित खानेपानी उपभोक्ता समितिहरूको नाममा हुने अवैध उठाब र पारिवारिक पहुँचमा सीमित निजी टचांकर व्यवसायले प्राकृतिक मुहानहरूमाथि अनौपचारिक कब्जा जमाएको छ । यो लेखले पानीको व्यावसायीकरण, राजनीतिक संरक्षण र सर्वसाधारणले झेल्नुपरेको आर्थिक तथा स्वास्थ्य जोखिमको गहिरो विश्लेषण गर्दछ ।

### १) तथ्यांकमा तिर्खाः माग र आपूर्तिको भयानक खाडल

बूढानीलकण्ठ नगरपालिकामा पछिल्लो दुई दशकमा भएको जनसांख्यिक विष्फोटले पानीको माग आकाशिएको छ । विसं २०५८ को जनगणनामा यहाँको जनसंख्या झण्डै २५ हजार रहेकामा हाल त्यो करिब एक लाख २० हजार पुगेको अनुमान छ । तर, आपूर्ति भने दशकौं पुरानो संरचनामै खुम्चिएको छ ।

**दैनिक माग**ः करिब ४३० मिलियन लिटर

**केयुकेएलबाट आपूर्ति**ः १५०-१७० मिलियन लिटर (सुख्खायाममा अझ न्यून), तल्लो भेगमामात्र सीमित, माथिल्लो भेगमा शून्य

**माग र आपूर्तिबीच खाडल**ः करिब २६० मिलियन लिटर

**निर्भरता**ः इनार, ढुंगेधारा र निजी टचांकर

**मुख्य समस्या**ः मेलम्ची खानेपानी आयोजना काठमाडौंभित्र केही क्षेत्रमा जोडिए पनि बूढानीलकण्ठको पासिकोट, चपली, ४ नम्बर वडालगायत क्षेत्रमा पुग्न सकेको छैन । केयुकेएलले डिप बोरिङ खने पनि स्थानीय जनप्रतिनिधि, निजी पानी आपूर्तिकर्ता र राजनीतिक दबाबमा परी उपभोक्तालाई वितरण गरिएको छैन । केयुकेएल महांकाल कार्यालय जाँदा निवेदन नै लिँदैनन् ।

### २) पानीको 'कार्टेलिङ': मुहानदेखि टचांकीसम्म

बूढानीलकण्ठका वरपरका वन र पहाडबाट निस्कने पानी सार्वजनिक सम्पत्ति हो । संविधानले पनि प्राकृतिक स्रोतमाथि राज्य र समुदायको अधिकार सुनिश्चित गरेको छ । तर, व्यवहारमा यसको नियन्त्रण सीमित पारिवारिक व्यक्ति र समूहको हातमा छ ।

**प्राकृतिक स्रोतको निजीकरण**

शिवपुरीका मुहानहरूबाट पानी प्रशस्त मात्रामा निस्कन्छ । तर, यी स्रोतहरूमाथि स्थानीय खानेपानी उपभोक्ता समितिको नाममा पारिवारिक घरानाको वा शिवपुरी राष्ट्रिय निकुञ्जको नाममा निजी व्यवसायीको पकड रहने गरेको छ । चपली क्षेत्रमा त केही व्यक्तिले मुहान नै भाडामा लिएर पानी बेच्ने गरेको पाइन्छ ।

### ३) 'पारिवारिक' उपभोक्ता समिति र मुहानमाथिको कब्जा

संविधानले प्राकृतिक स्रोतमाथि राज्य र समुदायको अधिकार सुनिश्चित गरेको छ । तर, बूढानीलकण्ठमा शिवपुरीका मुहानहरू केही निश्चित पारिवारिक समूह र राजनीतिक आडमा बनेका समितिको कब्जामा छन् ।

मुहानको व्यापारः चपली र आसपासका क्षेत्रमा मुहान नै भाडामा लिएर निजी व्यवसायीलाई बेच्ने गरिएको छ ।

**अनियन्त्रित दोहन**ः खानी तथा भूगर्भ विभागको अनुमतिविना दर्जनौं बोरिङ सञ्चालनमा छन्, जसले भूमिगत जलस्रोतलाई रित्याउँदै छ ।

### ४) अर्थतन्त्रः अर्बौंको 'अदृश्य' कारोबार

पानीको अभावले काठमाडौंमा एउटा समानान्तर अर्थतन्त्र खडा गरेको छ, जुन करको दायराभन्दा धेरै बाहिर छ । बूढानीलकण्ठ क्षेत्रमामात्र दैनिक ४०० भन्दा बढी निजी टचांकर सञ्चालनमा रहेको अनुमान छ । प्रतिटचांकी २५ सयदेखि ३५ सय रूपैयाँका दरले दैनिक कारोबार करिब १०-१२ लाख रूपैयाँ पुग्छ । वार्षिक कारोबार सजिलै ३५-४० करोड रूपैयाँ पुग्न सक्छ ।

खानेपानी आपूर्तिकर्ताबाट वितरण हुने पानीको मासिक बिल प्रतिघर एक हजार ५०० देखि तीन हजार रूपैयाँसम्म पुग्छ । अनुमानित तथ्यांकः

**कूल घरधुरी संख्या**ः करिब २०,०००

**प्रतिघर मासिक बिल**ः रु. १,५००-३,०००

**मासिक कारोबार**ः रु. ३० करोड-६० करोड

**वार्षिक कारोबार**ः ३६० करोड-७२० करोड

यस आधारमा वार्षिक कारोबार अर्बौं पुग्ने अनुमान गर्न सकिन्छ । तर यस कारोबारको ठूलो हिस्सा औपचारिक कर प्रणालीबाहिर रहेको छ । यो व्यवसायको ठूलो हिस्सा अनौपचारिक छ । न त पानी तानिएको स्रोतको रोयल्टी राज्यले पाउँछ, न त बिक्रीको पूर्ण कर नै संकलन हुन्छ । स्थानीय खानेपानी उपभोक्ता समितिको संकलित रकम र टचांकर व्यवसायको वार्षिक अर्बौं कारोबारमध्ये अधिकांश करको दायराभन्दा बाहिर छ । भ्याट, आयकर, रोयल्टी सबै छली हुन्छ ।

**मूल्य विभेद**

सरकारी पानीको तुलनामा निजी टचांकरको पानी ५०० प्रतिशतसम्म महँगो छ । केयुकेएलको टचांकीबाट पानी लिन झण्झट छ- बाटो सानो भएर टचांकर आउन सक्दैन, पालो कुर्नुपर्छ । निजी टचांकरले २५००-३५०० रूपैयाँमा पानी बेच्छ । यसको प्रत्यक्ष मार न्यून आय भएका स्थानीय जनता, श्रमिक, विद्यार्थी र घरेलु महिलामा परेको छ ।

**बिचौलियाको राज**

पानीको एक टचांकर ल्याउन मुहानदेखि उपभोक्तासम्म कम्तीमा तीन-चार तहका बिचौलिया हुन्छन् । मुहानमा पानी भर्ने, ढुवानी गर्ने, स्टोर गर्ने, वितरण गर्ने सबै तहमा कमिसन खाइन्छ । यो कमिसनको रकम अन्ततः उपभोक्ताले नै तिर्छ ।

### ५) मौनताको कारणः राजनीतिक र प्रशासनिक साँठगाँठ

राज्य किन मौन छ ? यसको उत्तर खोज्नुपर्छ । जब प्रहरी, प्रशासन, स्थानीय सरकार सबै मौन हुन्छन्, यसको अर्थ के हो ? यसका पछाडि केही गम्भीर कारणहरू देखिन्छन्ः

**क. स्वार्थको द्वन्द्व**

सरकारी र स्थानीय निकायकै व्यक्ति पानीका व्यवसायी र आपूर्तिकर्ता भएकाले समस्या ज्यूँकात्यूँ छ । धेरै टचांकर व्यवसायीहरू स्थानीय तहका राजनीतिक दलका कार्यकर्ता वा प्रभावशाली व्यक्तिहरू छन् । उनीहरूकै आफन्त प्रशासनमा छन् । कोही वडा सदस्य छन्, कोही नगर कार्यकारिणीमा । उनीहरूविरुद्ध उजुरी दिने आँट कसको ?

**ख. नियमनकारी निकायको अभाव**

खानेपानी महसुल निर्धारण आयोग र स्थानीय सरकारबीच कार्यक्षेत्रको अन्योल छ । उनीहरू राजनीतिक रूपमा संरक्षित छन्, कानुनले केही गर्न सक्दैन । स्थानीय प्रशासनले पनि आँखा चिम्लन्छ । महानगरीय प्रहरी परिसर, प्रहरी वृत्त, जिल्ला प्रशासन कार्यालय सबै मौन छन् ।

**ग. विकल्पविहीनता**

यदि राज्यले आजै पानी आपूर्तिकर्ताका बिचौलियाहरूलाई हटाउने हो, निजी टचांकरलाई कडाइ गर्ने हो भने भोलि आधा बूढानीलकण्ठ तिर्खाउने डर छ । यही बाध्यतालाई व्यवसायीले हतियार बनाएका छन् । उनीहरू भन्छन्- हामीलाई हटाउने हो भने पानी कहाँबाट ल्याउँछौ ?

**घ. मिडियाको मौनता**

यो विषयमा स्थानीय मिडिया पनि मौन छ । किन ? किनकि धेरै मिडिया सञ्चालक र पत्रकारकै घरमा पनि यही टचांकरले पानी पुऱ्याउँछ । विज्ञापनको दबाब हुन्छ । राजनीतिक दलको दबाब हुन्छ । फलस्वरूप, यो मुद्दा कहिल्यै सार्वजनिक बहसमा आउँदैन ।

### ६) गुणस्तरमा खेलबाडः रोग निम्त्याउँदै 'नीलो टचांकर'

टचांकरमा टाँसिएको 'पिउन योग्य' स्टिकर केवल औपचारिकतामात्र हो । उपभोक्ताको स्वास्थ्यसँग खेलबाड भइरहेको छ ।

**कोलिफर्मको जोखिम**

प्रयोगशाला परीक्षणहरूले टचांकरको पानीमा दिसामा पाइने हानिकारक जीवाणु (कोलिफर्म) भेटिने गरेको देखाएका छन् । झाडापखाला, हैजा, टाइफाइड, पेटका रोगहरूको जोखिम बढेको छ । बालबालिका र वृद्धवृद्धा बढी जोखिममा छन् ।

**प्रशोधनको अभाव**

मुहानबाट सीधै टचांकरमा भरिने पानीलाई वैज्ञानिक ढंगले प्रशोधन नगरी वितरण गरिन्छ । फिल्टरेसन, क्लोरिनेसन केही हुँदैन । टचांकर नै फोहोर छन्, कतिपयमा रासायनिक पदार्थ पहिले बोकिएको थियो । ती टचांकरमा अहिले पानी बोकिन्छ ।

**भूमिगत पानीको दीर्घकालीन असर**

लेदो पानी भनेको धेरैजसो भूमिगत पानी नै हो । यसको अत्यधिक दोहनले भविष्यमा बूढानीलकण्ठ माथिल्लो क्षेत्र नै मरुभूमि बन्न सक्ने खतरा छ । पानीको सतह दिनप्रतिदिन घट्दो छ । आगामी १०-२० वर्षमा के हुने हो ?

**घरेलु महिलामाथिको अतिरिक्त भार**

पानीको जोहो गर्ने मुख्य जिम्मेवारी महिला र छोरीहरूकै हुन्छ । टचांकर कुरेर बस्ने, पानी लिन लाइनमा बस्ने, वा लेदो पानी सफा गर्ने अतिरिक्त श्रमको भार उनीहरूमाथि नै पर्छ । उनीहरूको समय, स्वास्थ्य र आराम सबै यसले खाइरहेको छ ।

### ७) अबको बाटोः समाधानका उपायहरू

पानी संकटलाई दीर्घकालीनरूपमा हल गर्न 'फायर फाइटिङ' मात्र होइन, संरचनागत सुधार आवश्यक छ ।

**कडा नियमन र मूल्य निर्धारण**

स्थानीय सरकारले टचांकरको गुणस्तर र मूल्यमा सीमा तोक्नुपर्छ । प्रत्येक टचांकरमा जिपिएस र डिजिटल बिलिङ अनिवार्य गरिनुपर्छ । खानेपानी उपभोक्ता समितिका नाममा गठित संस्थाहरूलाई राज्यले नियन्त्रण गर्नुपर्छ । पानीको गुणस्तर जाँच गर्न नियमित टोली खटाउनुपर्छ । मनपरि मूल्य असुल गर्नेलाई कारबाही गर्नुपर्छ ।

**मुहानको सार्वजनिकीकरण**

प्राकृतिक मुहानहरूमा निजी व्यक्तिको भन्दा राज्य वा समुदायको स्वामित्व स्थापित गरी रोयल्टी प्रणाली लागू गर्नुपर्छ । पानी बेच्नेलाई अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था गर्नुपर्छ । अवैधरूपमा पानी तान्नेलाई कारबाही गर्नुपर्छ ।

**आकाशे पानी संकलन**

बूढानीलकण्ठका ठूला घर र सरकारी भवनहरूमा अनिवार्य आकाशे पानी संकलन प्रणाली लागू गरी जमिनमुनिको पानी पुनर्भरण गर्नुपर्छ । यसका लागि नगरपालिकाले नीति बनाउनुपर्छ, अनुदान दिनुपर्छ । साना घरधुरीलाई पनि प्रोत्साहन गर्नुपर्छ ।

**मेलम्चीको विस्तार**

मेलम्चीको पानी आपूर्तिको पाइप विस्तार माथिल्लो क्षेत्रमा गर्नु जरुरी छ । स्थानीय स्रोतहरू (खोकना, फर्पिङ, सुन्दरीजल, नागमती) को संरक्षण र पुनरुत्थान गर्नुपर्छ । पुराना ढुंगेधारा र कुवाहरू पुनः सञ्चालनमा ल्याउनुपर्छ ।

**खानेपानी उपभोक्ता समितिको पुनर्संरचना**

राजनीतिक प्रभावमा गठित उपभोक्ता समितिहरूको पुनर्संरचना गर्नुपर्छ । पारदर्शिता र लेखापरीक्षण अनिवार्य गर्नुपर्छ । धारा जडानमा असुली गर्ने समितिलाई कारबाही गर्नुपर्छ ।

**राजनीतिक इच्छाशक्ति**

सबैभन्दा ठूलो आवश्यकता हो- राजनीतिक इच्छाशक्ति । जनप्रतिनिधिहरूले चुनावका बेलामात्र होइन, सधैं जनताको पक्षमा उभिनुपर्छ । पानी माफियासँग सम्झौता नगर्ने प्रतिबद्धता देखाउनुपर्छ । जनप्रतिनिधि स्वयं उपभोक्ता समितिको व्यवसाय गर्न छोड्नुपर्छ ।

**प्रहरी र प्रशासनको सक्रियता**

प्रहरी र प्रशासनले पानी तस्करी र अवैध दोहन रोक्न सक्रियता देखाउनुपर्छ । गुण्डागर्दी गर्नेलाई पक्राउ गर्नुपर्छ । उजुरी दिने जनतालाई संरक्षण दिनुपर्छ ।

**उपसंहार**

बूढानीलकण्ठ नगरपालिकाको पानी संकट प्राकृतिक स्रोतको अभाव होइन; यो सुशासनको संकट हो, राजनीतिक संरक्षणमा फस्टाएको कालोबजारीको परिणाम हो । यहाँ पानी छ, तर पहुँच छैन । मुहान छन्, तर कब्जा छ । सरकारी संयन्त्र छ, तर मौन छ । जबसम्म राज्यका निकाय (केयुकेएल, स्थानीय सरकार, प्रहरी, प्रशासन) यस 'पानी माफिया'विरुद्ध एकजुट भएर अघि बढ्दैनन्, र पानीलाई नाफाको केन्द्र नभई जीवनको आधारभूत अधिकार ठान्दैनन्, तबसम्म बूढानीलकण्ठबासीले ढुंगेधारा र इनारको लेदो पानी पिउन बाध्य रहने छन् ।

राज्यको मौनता तोड्नुपर्छ, किनकि यो मौनता आपराधिक साँठगाँठको मौनता हो । प्राकृतिक मुहानहरूमाथिको कब्जा हटाएर मात्र पानीमाथिको जनताको अधिकार सुनिश्चित हुन सक्छ । निर्वाचनका बेलामात्र प्रतिबद्धता होइन, दैनिक जीवनमा सुशासन र न्याय चाहिन्छ ।

म एक स्थानीय बासिन्दाको हैसियतमा प्रश्न गर्छु- कहिलेसम्म यो मौनता ? कहिलेसम्म यो अराजकता ? कहिलेसम्म हामी लेदो पानी पिइरहने ? के हाम्रो संविधानले दिएको खानेपानीको हक अधिकार कागजमामात्र सीमित छ ? के हामी पनि यसै मौनताको सिकार भइरहने ? जनताको तिर्खा मेटाउन राज्य अब मौनता भंग गरेर अघि बढ्नैपर्छ । ढिला भइसक्यो । अब झन् ढिला हुनु हुँदैन ।

*(लेखक बूढानीलकण्ठ निवासी स्थानीयवासी)*



**बिक्रीका लागि मेलामा राखिएको ठेकी** | बागलुङको कालिका मन्दिर परिसरमा मंगलबारदेखि जारी रहेको चैते दसैं मेलामा काठको ठेका ठेकी बिक्री गर्दै टीका चुदारा । उक्त सामग्री चुदारा आफैंले बनाएका हुन् । *तस्बिरः रासस*

# सांस्कृतिक संग्रहालय भवन निर्माण अन्तिम चरणमा

**तेह्रथुम–** जिल्लाको फेदाप गाउँपालिका-१ मा पोक्लाबाङ सांस्कृतिक संग्रहालय भवन निर्माण अन्तिम चरणमा पुगेको छ । लोपोन्मुख सांस्कृतिक वस्तुहरूको संरक्षणका लागि संग्रहालय निर्माण गर्न लागिएको हो ।

फेदाप गाउँपालिकाको सेवा केन्द्र पोक्लाबाङ बजारदेखि करिब दुई किलोमिटर उत्तरमा सांस्कृतिक संग्रहालय निर्माण भइरहेको छ । झिंगटीको छानो लगाइएको छधुरे परम्परागत शैलीको संग्रहालय भवनको निर्माण गरिएको हो ।

पोक्लाबाङलाई मांगेन्ना यक मान्नेहरूको साझा संस्था पोक्लाबाङ यक मांगेन्ना लुङधुङ थामरुङ नामक संस्थाको अगुवाइमा संग्रहालय निर्माण भइरहेको हो । पोक्लाबाङलाई मांगेन्ना यक मान्ने याक्थुङ (लिम्बू)हरूसँग सम्बन्धित पुराना सांस्कृतिक सामग्री, ऐतिहासिक कागजात, तत्कालीन गोर्खा-लिम्बूवान युद्धकालीन हातहतियारलगायत सामग्री संकलन गरी संग्रहित गर्नेगरी संग्रहालय निर्माण भइरहेको संस्थाका सल्लाहकार समिति सदस्य विजय निङलेकुले बताए ।

पोक्लाबाङ फेदाप क्षेत्रका १९ थरि याक्थुङ (लिम्बू)हरूले मांगेन्ना यकका रूपमा मान्दै आएको किरात याक्थुङ चुम्लुङ तेह्रथुमका



अध्यक्ष लोकबहादुर सिंगकले बताए । याक्थुङ (लिम्बू) जातिअन्तर्गत प्रत्येक थरि र थर समूहको आ-आफ्नो मांगेन्ना यक हुन्छ । आफ्नो पुर्खा पहिलोपल्ट देखापरी घरघडेरी बनाएको, भष्मे फाँडेर आवाद गरेको स्थानलाई उनीहरू मांगेन्ना यकका रूपमा पुज्ने र पुकार्ने गर्दछन् ।

सहरी विकास मन्त्रालयको भ्याटसहित दुई करोड ७३ लाख रूपैयाँ बजेटमा मारुती विल्डर्स निर्माण कम्पनीले २०८१ साल असारदेखि संग्रहालय निर्माणको काम सुरु गरेको थियो । बहुवर्षीय योजनाअन्तर्गत निर्माण भइरहेको संग्रहालय भवन चालु आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको निर्माण कम्पनीका सबइञ्जिनियर सुवास मगरले बताए ।

स्थानीय दुई व्यक्तिले निःशुल्क दान गरेको दुई रोपनी क्षेत्रफलमा निर्माणाधीन संग्रहालय निर्माण सम्पन्नपश्चात् पोक्लाबाङ यक सांस्कृतिक पर्यटकीयस्थलसँगै संस्कृति र इतिहास अध्ययनको केन्द्रका रूपमा विकास हुने विश्वास लिइएको पोक्लाबाङ यक मांगेन्ना लुङधुङ थामरुङ संस्थाका अध्यक्ष सेसेहाङ हुक्पा चोङबाङले बताए । *रासस*

# वन्यजन्तु संरक्षण गर्न कृत्रिम ताल निर्माण

**नवलपुर (नवलपरासी)–** चितवन राष्ट्रिय निकुञ्जमा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले कृत्रिम ताल निर्माण गरिएको छ । पछिल्लो समय सुक्खायाममा निकुञ्जभित्रका प्राकृतिक तालतलैया सुक्ने क्रम बढ्दै गएपछि निकुञ्जले वन्यजन्तु संरक्षणका लागि विभिन्न दाताको सहयोगमा कृत्रिम ताल निर्माण गर्दै आएको छ ।

२०३० असोज ४ गते स्थापना भएको उक्त निकुञ्ज बाघ, हात्ती, गैंडालगायत वन्यजन्तुको महत्त्वपूर्ण बासस्थानको रूपमा रहेको छ । मानवलाई जस्तै वन्यजन्तुलाई पनि बाँच्नका लागि आहार र पानीको आवश्यकता पर्ने भन्दै सुक्खायाममा पानीको अभाव पूर्ति गर्न कृत्रिम ताल निर्माण गरिएको हो । पछिल्लो समय निकुञ्जभित्रका घाँसेमैदान, सिमसार क्षेत्र मासिँदै गएपछि वन्यजन्तु संरक्षणमा चुनौती थपिँदै गएकाले निकुञ्जले कृत्रिम ताल निर्माण गरी वन्यजन्तु संरक्षणमा पहल गरेको हो ।

निकुञ्जका प्राकृतिक ताल र सिमसार क्षेत्रमा देखिएको समस्यालाई ध्यानमा राखेर घाँसेमैदान र सिमसार क्षेत्रको व्यवस्थापनमा निकुञ्ज लागिपरेको छ । चितवन राष्ट्रिय निकुञ्जले चालु आर्थिक वर्ष २०८२/८३ को कार्यक्रमअन्तर्गत सुखीभार पोस्ट नजिकै कृत्रिम ताल निर्माण गरेको हो । सुक्खायाममा पानीको अभावलाई पूरा गर्न ९७ मिटर लम्बाइ र २५ मिटर चौडाइको सौर्य ऊर्जा जडानसहितको ताल निर्माण गरेको निकुञ्जले जनाएको छ ।

कृत्रिम तालबाट करिब १०० मिटर पर वर्षभरि बग्ने खोल्सोबाट सोलार बोरिङ जडान गरिएको चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत प्रविन पौडेलले बताए । 'खोल्साबाट घाम लागेको बेला सोलारमार्फत पम्पिङ भएर पानी तालमा आइपुग्छ,' संरक्षण अधिकृत पौडेलले भने, 'प्राकृतिक स्रोतबाट मात्रै निकुञ्जभित्रको तालमा पर्याप्त पानी नभएपछि सुक्खायाममा पानीको अभावलाई पूर्ति गर्न यस्तो किसिमको कृत्रिम ताल निर्माण गरिएको हो ।'

चालु आर्थिक वर्षमा निकुञ्जले निर्माण गरेको यो पहिलो ताल भएको पौडेलको भनाइ छ । निकुञ्जले तराई भू-परिधि (ताल) कार्यक्रमको सहकार्यमा करिब नौ लाख रूपैयाँ लागतमा कृत्रिम ताल निर्माण गरेको उनले जानकारी दिए । यस्ता कृत्रिम ताल निकुञ्जले निकुञ्जको मुख्यालय कसरा नजिकै पनि निर्माण गरिएको छ । त्यसअघि भिम्ले पोस्ट नजिकै पनि सोलारसहितको ताल निर्माण गरिएको थियो । केही कृत्रिम ताल निर्माण गरिए पनि निकुञ्जभित्र रहेका तालतलैयाको संरक्षणमा भने निकुञ्जले कठिनाइ भोग्दै आइरहेको छ । ताल संरक्षणका लागि आवश्यक बजेट नहुँदा निकुञ्जभित्र रहेका प्राकृतिक तालहरू नन्द भाउजु, देवी ताललगायतका सिमसार क्षेत्र अहिले संकटमा रहेका निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तले बताए ।

वन्यजन्तुको संख्या बढाउन उनीहरूको व्यवस्थित बासस्थानको निकै महत्त्व हुने उनको भनाइ छ । निकुञ्जभित्रका घाँसेमैदान र सिमसार क्षेत्र राम्रो नहुँदा यहाँ आश्रित वन्यजन्तु व्यवस्थापनमा कठिनाइ हुने गरेको छ । त्यसैका लागि चितवन राष्ट्रिय निकुञ्जले कृत्रिम सिमसार क्षेत्र निर्माण गर्न थालेको प्रमुख संरक्षण अधिकृत पन्तको भनाइ छ । यस वर्ष थप सिमसार क्षेत्र निर्माण गर्ने तयारी निकुञ्जको छ । तर पुराना सिमसार क्षेत्रको संरक्षणमा भने कठिनाइ भइरहेको उनले बताए ।

'हामीसँग तालतलैया संरक्षणका लागि यसपटक सरकारी बजेट पनि भएन, दाताहरूबाट पनि धेरै बजेट आएन, बजेट नहुँदा सिमसार क्षेत्रको संरक्षणमा चुनौती थपिएको छ,' प्रमुख संरक्षण अधिकृत पन्तले भने, 'आगामी वर्ष दाताहरूकै सहयोगमा संकटमा परेका सिमसार क्षेत्र संरक्षणका लागि कार्यक्रम तयार पार्दै छौं ।'

संरक्षणकै अभावमा लगभग लोप हुने अवस्थामा पुगेको तमोर ताल, लामी तालले अहिले पुनःजीवन पाएका छन् । पछिल्लो वर्षमा गरिएका सरसफाइले यी ताल जोगिएका उनले बताए । बजेट अभावका कारण विगतमा चर्चित रहेको नन्द भाउजु ताललगायतका सिमसार क्षेत्र अझै संकटमा छन् । नवलपरासी (बर्दघाट-सुस्तापूर्व), चितवन, पर्सा र मकवानपुरको करिब ९५२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस निकुञ्ज दुर्लभ एकसिंगे गैंडा, पाटेबाघ, गौरका लागि महत्त्वपूर्ण बासस्थानका रूपमा रहेको छ । *रासस*

# चार करोड ११ लाखमा मोहना नदीमा तटबन्ध निर्माण

**टीकापुर-** वर्षौंदेखि नदी कटानको त्रासमा रहेका कैलालीको टीकापुर नगरपालिका-९ खक्रौलास्थित मोहना नदीमा तटबन्ध निर्माण भएको छ । मोहना नदीमा चार करोड ११ लाख रूपैयाँमा ६८० मिटर लामो बिगबोल्डर (ठूला ढुंगाको प्रयोग गरी) तटबन्ध निर्माण भएपछि स्थानीयले त्रास कम भएको प्रतिक्रिया दिएका छन् ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले चार करोड ११ लाख रूपैयाँ लागतमा तटबन्ध निर्माण सम्पन्न गरेको जनाएको छ । बर्खायामका साथै हिउँदमा पनि बर्सेनि कटान हुने गरेकामा तटबन्ध निर्माण भएपछि कटानको समस्या रोकिएको स्थानीय खडग धामीले बताए ।

'कटानले नेपाल-भारत सीमामा रहेका १०५ नम्बर पिलरसमेत जोखिममा परेका थिए । बर्खामा कतिबेला घर बगाउने हो, भन्ने त्रास हुन्थ्यो । रातिको समयमा त्रासका कारण स्थानीय अनिदो बस्नुपर्ने बाध्यता थियो । यसपटक निद्रा लाग्ने भयो,' उनले भने, 'सयौं बिघा जमिन नदीले कटान गर्दा कतिपय परिवार विस्थापित भएका छन् ।'

लालपूर्जा हातमा भएको जमिनमा यतिखेर नदी बगिरहेको बताउँदै धामीले यो तटबन्ध पाँच वर्षअघि निर्माण भएको भए अधिकांश परिवार विस्थापित हुनुपर्ने अवस्था नआउने धारणा राखे । उनका अनुसार तटबन्ध निर्माणका लागि पटक-पटक मन्त्रालय र स्थानीय निकायलाई आग्रह गरेपछि काम भएको हो ।

तटबन्ध बनेपछि भारतको वैष्णेदेवी मन्दिरमा दर्शन गर्न जान तथा त्यहाँबाट पर्यटक यता आउन पनि सहज भएको स्थानीय रणसिंह धामीले बताए । गत आर्थिक वर्षको बजेटबाट तटबन्ध निर्माण भएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कञ्चनपुरका इञ्जिनियर उत्तम सुवेदीले बताए ।

पूर्वप्रतिनिधिसभा सदस्य ईश्वरी न्यौपानेले भने, 'यहाँका नागरिकले लामो समयदेखि तटबन्धको माग गरिरहनुभएको थियो, विगतमा गरिने जस्तो तटबन्ध टिकाउ नहुने भएकाले अहिले ठूला ढुंगाको प्रयोग गरी बनाइएको छ । नदीले कटान र डुवानबाट पीडित भएका स्थानीयले राहत महसुस गरेका छन् ।'

सुक्खायाममा पनि कटानको समस्याले स्थानीय सास्ती र त्रासमा रहेकामा अब समस्या समाधान भएको न्यौपानेले धारणा राखे । 'सरकारले जनताको वास्तविक आवश्यक्ता पहिचान गरेर विकास गर्ने हो भने मात्र जनतालाई लाभ पुग्छ,' उनले भने ।

मोहना नदी कटानले नेपाली भूभाग भारततर्फ धकेलिएको स्थानीय बताउँछन् । नदी पारि नेपाली भूमि धकेलिएपछि नेपाली नागरिकले त्यहाँ गएर खेतीसमेत गर्न सकेका छैनन् । भारतीय नागरिकले नेपाली भूमि नदी पारि हुँदा उपभोग गर्दै आएका स्थानीय वीरबहादुर चौधरीले बताए ।

कैलालीमा कर्णाली, मोहनालगायत नदीले बर्सेनि सयौं बिघा जमिन कटान गर्दै आएका छन् । कर्णाली नदीले धार परिवर्तन गर्दा टीकापुर नगरपालिका र जानकी गाउँपालिका जोखिममा पर्दै आएका हुन् । टीकापुर नगरपालिका-२, ५, ७, ८ कर्णाली नदीबाट हुनसक्ने कटानको जोखिममा छन् ।

यहाँ रानीजमरा कुलरिया सिँचाइ आयोजनाले करिब १२ ठाउँमा तटबन्ध निर्माण गरेको छ । आयोजनाले अगाडि तटबन्ध गर्दै जाने, नदीको धार परिवर्तन भएकाले पछाडि कटान हुँदै जाँदा नदी नियन्त्रणमासमेत समस्या भएको जनाएको छ । *रासस*

# सारंगीको धुनमा गुजारा...

**दमौली (तनहुँ)–** बुटवल बसोबास गर्दै आएका ७३ वर्षीय लोकबहादुर गन्धर्व र तनहुँको भानु नगरपालिका-१ माइती भएकी ६० वर्षीया डल्ली गन्धर्व नेपाली सारंगी बजाउँदै विभिन्न ठाउँ पुग्छन् । परम्परागत गन्धर्व समुदायसँग सम्बन्धित यी दम्पतीले जीवनको अधिकांश समय सारंगीको मधुर धुनमा गीत गाउँदै बिताएका छन् ।

वर्षौंदेखि उनीहरूको दिनचर्या नै फरक छ, बिहानै घरबाट निस्कने, विभिन्न गाडी चढ्दै यात्रीहरूसामु गीत प्रस्तुत गर्ने । बस, माइक्रोबस वा अन्य सार्वजनिक सवारीसाधनमा यात्रा गर्दै उनीहरू सारंगी बजाएर लोकगीत गाउँछन् । उनीहरूको स्वर र धुनले यात्रीलाई भावुक बनाउँछ, कतिपयलाई आफ्नो गाउँघर, परिवार र विगतका सम्झनामा डुबाउँछ ।

यात्रीहरूले गीतको प्रशंसा गर्दै स्वेच्छाले दिने रकम नै उनीहरूको आम्दानीको मुख्य स्रोत हो । 'कहिलेकाहीँ धेरै राम्रो कमाइ हुन्छ, यहीँबाटै हाम्रो घर चलेको छ,' लोकबहादुरले भने । उनका अनुसार दैनिक कमाइ स्थिर नभए पनि नियमित मेहनतले घरखर्च टार्न गाह्रो छैन ।

उनीहरूका चार जना छोराछोरी छन् । उनीहरूले यही पेसाबाट कमाएको आम्दानीले छोराछोरीलाई हुर्काएका छन् । 'आफ्नै मेहनतले परिवार पाल्न सकेका छौं, यही नै ठूलो कुरा हो,' डल्ली गन्धर्व भन्छिन् । उनीहरू गीत गाउँदै देशका विभिन्न जिल्ला पुगिसकेका छन् । पूर्वदेखि पश्चिमसम्मका सडकमा यात्रा गर्दै, नयाँ ठाउँ हेर्दै र मानिससँग भेटघाट गर्दै उनीहरूको जीवन बितेको छ ।

आधुनिक प्रविधिको विकाससँगै मनोरञ्जनका माध्यम परिवर्तन भइरहेका बेला सारंगीजस्ता परम्परागत बाजा र गन्धर्व समुदायको पेसा संकटमा परेको छ । नयाँ पुस्ता वैकल्पिक पेसातर्फ आकर्षित हुँदा यस्ता मौलिक कला लोप हुने खतरा बढ्दो रहेको लोकबहादुर बताउँछन् । 'यो हाम्रो पहिचान हो, हाम्रो संस्कृति हो । जबसम्म सक्छौं, हामी यही गर्दै जानेछौं,' उनले भने । *रासस*


**Local Government**

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

**Invitation for Bid**

**Date of Publication: 2082/12/16**

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchowk, Bagmati Province, Nepal invites **Electronic Bid only** for eligible bidders for following Works under SQ Procedures. Only eligible bidders with the following key qualification should participate in the bidding for contracts mentioned below.

| S. N. | Contract No. | Name of Work | Estimated Amount Inclusive of Vat | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IRMSI/SQ/W/082/083-11 | Construction of Temple at Children Park, Indrawati 7, Sindhupalchowk | 9,61,335.38 | 25,000.00 | (45+30) days | 1000.00 |
| 2 | IRMSI/SQ/GOODS/082/083-12 | Purchasing and Supplying of HDPE Pipe for Indrawati Rural Municipality, Sindhupalchowk | 11,49,725.89 | 28,000.00 | | |
| 3 | IRMSI/SQ/GOODS/082/083-13 | Supplying of Sanitary Pad, Sindhupalchowk | 12,35,000.00 | 30,000.00 | | |

3. Bidders are strongly requested to mention the name of the firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Non-Complaince of this shall be ground for declaring the bid **NON RESPONSIVE.**

4. Any additional information or query regarding the bids can be accuired by downloading the bids from **e-GP System of PPMO** or by writing us in **indrawatigaupalika@gmail.com.**

**Chief Administrative Officer**

## 'बखान' उपन्यास पुरस्कृत

यस वर्षको सहिद शिवप्रसाद पौडेल स्मृति राष्ट्रिय पुरस्कार आख्यानकार वसन्त पराजुलीको उपन्यास 'बखान'लाई प्रदान गरिएको छ । साहित्य संगम चितवनले आइतबार आयोजित कार्यक्रममा पराजुलीलाई २० हजार नगदसहित दोसल्ला, सम्मानपत्रले सम्मान गरेको हो । त्यस अवसरमा वक्ताहरूले 'बखान' उपन्यासले स्थानीय मुद्दालाई राष्ट्रियस्तरमा स्थापित गरेको उल्लेख गर्दै कृतिले चितवनको सामाजिक यथार्थ बोकेको धारणा राखेका थिए ।





# प्रधानमन्त्री कपमा गण्डकी प्रदेश विजयी

**काठमाडौं (प्रस)**– गण्डकी प्रदेशले एपिएफ क्लबलाई पराजित गर्दै प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा जित हासिल गरेको छ । तल्लो मुलपानी मैदानमा आइतबार भएको खेलमा गण्डकी प्रदेशले एपिएफलाई ४३ रनले पराजित गरेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको गण्डकी प्रदेशले २१ ओभरमा सात विकेट गुमाउँदै १५० रन बनायो । उसका लागि गौरव विकले ३७, अर्जुन कुमालले २५, दीपक डुम्रेले ३४ तथा कप्तान विपिन खत्रीले अविजित २० रन जोडे । बलिङतर्फ एपिएफका लागि अभिनाश बोहराले तीन विकेट लिए ।

१५१ रनको विजयी लक्ष्य पछ्याएको एपिएफ क्लबले १८.३ ओभरमा सबै विकेट गुमाएर १०७ रनमात्र बनायो । एपिएफका लागि लोकेश बम र आसिफ शेखले १४/१४ रन बनाए । कप्तान रोहितकुमार पौडेलले तीन रनमात्र बनाए । सुमित महर्जनले २२ तथा कमलसिंह ऐरीले १७ रन बनाए ।

बलिङतर्फ गण्डकीका अपराजित पौडेल र सिब्रिन श्रेष्ठले तीन/तीन विकेट लिए । त्यस्तै सुभाष भण्डारीले दुई विकेट लिए ।

# विद्यालयको निर्माणाधीन खेलमैदान भत्कियो

**मान्म (कालीकोट)**– जिल्लाको नरहरिनाथ गाउँपालिका–३ मा रहेको रमा माध्यमिक विद्यालयको निर्माणाधीन खेलमैदान भत्किएको छ । गत साताको वर्षासँगै आएको पहिरोका कारण निर्माणाधीन खेलमैदान भत्किएको हो ।

कर्णाली प्रदेश सरकार र नरहरिनाथ गााउँपालिकाको संयुक्त लागतमा दुई वर्षदेखि निर्माण भइरहेको खेलमैदान पहिरोका कारण भत्किएको विद्यालयका प्रधानाध्यापक तपेन्द्र महताराले बताए । 'विसं २०७७ मा गएको पहिरोले विद्यालय जोखिममा परेको थियो । खेलमैदान आवश्यक पूर्वाधार भएकाले ७० लाख रूपैयाँको लागतमा खेलमैदान निर्माण भइरहेको थियो । मंगलबार वर्षासँगै आएको पहिरोले मैदान भत्किएको हो,' उनले भने । विद्यालय भवनसहित अन्य संरचना पहिरोको जोखिममा परेपछि भू तथा जलाधार संरक्षण कार्यालयको सहयोगमा दुई वर्षअघि ग्याबिन जाली हालेर पर्खाल लगाइएको प्रधानाध्यापक महताराले जानकारी दिए । *रासस*


## मलेसियामा रोजगार

कम्पनी : ECO SAVE TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | LT. No. 340224 | चलानी नं. ६०२५३६७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Worker | 8 | 0 | 1700 | ६४,२४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २३ गते (6th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd. — Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, 9803243166/9818224732 E-mail: wh.adm77427@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : KAWALAN ASAS JAYA SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१५ | LT. No. 322969 | चलानी नं. ६०२३६८०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 27 | 0 | 1700 | ६४,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २२ गते (5th April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD

LIC 1675/080/81

Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : मुडा पेपर मिल्स एस. डिएन. बिएचडि

COMPANY: MUDA PAPER MILLS SDN. BHD.

| Pre Approval Date : 2026-03-29 | चलानी नं. ६०२५३६९२ | एल टि न. ३४०२६० |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | Invoice No. 602253692 | LT. No. 340260 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 42 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६४,२८० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.

चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौ । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | २१००/– रोजगारदाता (Employer) 2100/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २३ गते (6th Apr. 2025) मा हुनेछ ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
  यो शुन्य लागत अर्न्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोर्ने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोर्नुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
  चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
  चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
  सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
  कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9802074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.

कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८०२०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD

1610/079/80

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698

Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


# हिमालय चितुवाले बनाए विश्व कीर्तिमान

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– बक्सर अविरल घिमिरेले 'केवानक्रस १८८ किक बक्सिङ च्याम्पियनसिप'को उपाधि जितेका छन् । बक्सिङ खेल क्षेत्रमा 'हिमालय चितुवा'बाट विश्वपरिचित उनी 'के वान क्रस'को उपाधि दुईपटक चुमेर नयाँ विश्वकीर्तिमान कायम गर्ने पहिलो नेपाली खेलाडी बनेका छन् ।

जापानको टोकियो सहरमा शनिबार भएको सो प्रतियोगितामा हिमालय चितुवाले जापानका प्रतिस्पर्धी रिकुलाई नकआउटमा पराजित गर्दै पुनःदोस्रोपटक 'टाइटल बेल्ट'को उपाधि रक्षा गरेका हुन् । 'के वान क्रस १८८ किक बक्सिङ च्याम्पियनसिप'लाई बक्सिङ खेल क्षेत्रको सर्वोच्च प्रतियोगिता मानिन्छ ।

हिमालय चितुवाका पिता एवं बक्सर देव घिमिरेले दिएको जानकारीअनुसार अविरलले उक्त प्रतियोगिताको तेस्रो राउण्डको दोस्रो मिनेटमा जापानी खेलाडी रिकुले नकआउट गर्न सफल भएका थिए ।

टोकियो नागोयास्थित विश्वप्रसिद्ध एवं प्रतिष्ठित 'हिट किक बक्सिङ क्लब'मार्फत हिमालय चितुवाले खेल्दै आएका छन् । हालसम्म उनीले तीनपटक हिट किकबक्सिङ तीनपटक टाइटल डिफेन्स गर्दै चारपटक हिट किक बक्सिङ टाइटल म्याच, अन्तर्राष्ट्रिय किक बक्सिङ एसोसिएसन (इस्का) टाइटल र केवान क्रस १७५ टाइटल जित हासिल गरिसकेका छन् ।

साथै, हालसम्म २५ अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिँदै १९ मा जित निकाल्ने क्रममा १८ वटामा नकआउट गरी जित आफ्नो पक्षमा ल्याउने उनी पहिलो नेपाली बक्सर हुन् । साथै हालसम्म यस्ता उपाधि हासिल गर्ने उनी पहिलो नेपाली बक्सर भएर नयाँ इतिहास कायम गरेका छन् ।

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publication: 2082-12-16 (30th March,2026)**

यस कार्यालयबाट मिति 2082/12/16 मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 (1) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा 27 (2) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Amount (Including VAT & P.S) | Remarks |
|---|---|---|---|---|
| 43/NCB/WORKS/ROAD/ KPLRM-2082/083 | Construction of Drain at Chorkem, Bhakhe Bhel at KPLRM -05 | Bishal Construction KPLRM – 5, Solukhumbu | 2,573,638.40 | |
| 44/NCB/WORKS/BRDG/ KPLRM-2082/083 | Construction of Bridge at Paare Sango at KPLRM - 05 | Bishal Construction KPLRM – 5, Solukhumbu | 1,964,772.80 | |
| 45/NCB/WORKS/BLDG/ KPLRM-2082/083 | Construction of Toilet and Stage at Namche School at KPLRM - 05 | Bishal Construction KPLRM – 5, Solukhumbu | 1,748,762.76 | |

प्रमुख प्रशासकिय अधिकृत

## Likhu Pike Rural Municipality
## Office Of The Rural Municipal Executive

Chaulakharka, Solukhumbu

Koshi Province, Nepal

### Invitation for Quotations

**Date of publication: 30-03-2026 00:00 Hr**

1. The Likhu Pike Rural Municipality, Solukhumbu invites sealed quotations for the construction of as follow:

| S.N | Project Name (IFB No.) | Bid Fee | Bid Securities | Estimate Amount (without PS & VAT) | Last Date of Bid Submission | Bid Open Date |
|---|---|---|---|---|---|---|
| 1 | Tumal-Sagardanda Road Upgrading Work (IFB No: SQ/WORKS/ LPKRM/2082/83-03) | 1,000/- | 40,000/- | 13,70,066.467/- | 13-04-2026 12:00 Hrs | 13-04-2026 14:00 Hrs |
| 2 | Addition of one storey at janasewa AA.Vi (IFB No: SQ/WORKS/ LPKRM/2082/83-04) | 1,000/- | 30,000/- | 9,04,147.21 /- | | |

2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Citizens Bank International Ltd.

Name of Office: Likhu Pike Rural Municipality, Solukhumbu

Office Code no: https://sutrarevenue.fcgo.gov.np (please visit this Site for payament)

Office Account no: 0720100000001202

Rajaswa (revenue) Shirshak no.: (Local Level Revenue Portal)

**Act.Chief Administretive Officer**



कोलम्बियाको बोगोटामा शनिबार आयोजित अन्तर्राष्ट्रिय ललित कला महोत्सवमा प्रस्तुति दिँदै जेनिट एरियल ब्यालेटका सदस्यहरू। *तस्बिर: एपी*

# अमेरिकासम्म पुग्ने मिसाइल तयारी तीव्र बनाउँदै उत्तर कोरिया

**सियोल–** उत्तर कोरियाले आफ्नो रणनीतिक सैन्य क्षमता विस्तार गर्ने दिशामा अर्को महत्त्वपूर्ण कदम चाल्दै उच्च-थ्रस्ट ठोस इन्धनयुक्त क्षेप्यास्त्र इन्जिनको परीक्षण गरेको छ। यसलाई अमेरिकाको मुख्य भूमिसम्म प्रहार गर्न सक्ने मिसाइल कार्यक्रमसँग जोडेर हेरिएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले उक्त इन्जिन परीक्षण प्रत्यक्ष अवलोकन गरेको र यसलाई देशको सैन्य शक्ति थप उकास्ने महत्त्वपूर्ण उपलब्धि बताएको कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए)ले जनाएको छ। परीक्षण गरिएको इन्जिन कम्पोजिट कार्बन फाइबर सामग्री प्रयोग गरी उन्नत बनाइएको बताइएको छ। यसको अधिकतम् थ्रस्ट दुई हजार ५०० किलोटन पुगेको उल्लेख गरिएको छ। यसअघि सेप्टेम्बरमा परीक्षण गरिएको यस्तै इन्जिनको क्षमता करिब एक हजार ९७१ किलोटन रहेको थियो।

विश्लेषकहरूका अनुसार इन्जिनको थ्रस्ट क्षमता वृद्धि गर्नुको उद्देश्य एउटै क्षेप्यास्त्रमा बहु वारहेड जडान गर्ने सम्भावना बढाउनु हुनसक्छ, जसले प्रतिरक्षा प्रणाली छल्ने क्षमता थप मजबुत बनाउँछ। यद्यपि परीक्षण कहिले र कहाँ गरिएको हो भन्नेबारे केसिएनएले स्पष्ट जानकारी दिएको छैन।

यो परीक्षण उत्तर कोरियाको पाँच वर्षे सैन्य आधुनिकीकरण योजनाअन्तर्गत गरिएको हो, जसको लक्ष्य 'रणनीतिक आक्रमणका साधनहरू' लाई स्तरोन्नति गर्नु रहेको बताइएको छ। यसले अन्तरमहाद्वीपीय ब्यालिस्टिक मिसाइल (आइसिबिएम) विकासलाई संकेत गर्छ, जसले अमेरिकाको मुख्य भूमिसम्म प्रहार गर्न सक्ने क्षमता राख्ने मानिन्छ।

किमले पछिल्लो परीक्षणले देशको रणनीतिक शक्ति उच्च स्तरमा पुर्‍याउने महत्त्व राख्ने बताएको छ। पछिल्ला वर्षहरूमा उत्तर कोरियाले विभिन्न प्रकारका आइसिबिएम परीक्षण गर्दै आएको छ, विशेषगरी ठोस इन्धन प्रयोग गर्ने प्रविधिमा प्रगति गरेको छ। यस्तो इन्धनयुक्त मिसाइलहरू छिटो प्रक्षेपण गर्न सकिने र पहिल्यै पत्ता लगाउन कठिन हुने भएकाले अझ खतरनाक मानिन्छ। यसअघि प्रयोग हुँदै आएका तरल इन्धन मिसाइलहरू प्रक्षेपणअघि लामो तयारी आवश्यक पर्ने र लामो समयसम्म तयार अवस्थामा राख्न नसकिने कमजोरी रहेका थिए।

तर केही अन्तर्राष्ट्रिय विज्ञहरूले उत्तर कोरियाले अझै पूर्णरूपमा कार्यक्षम आइसिबिएम विकास गर्न प्राविधिक चुनौतीहरू सामना गरिरहेको बताएका छन्। विशेषगरी वारहेडलाई वायुमण्डलीय पुनःप्रवेशका क्रममा हुने अत्यधिक ताप र दबाबबाट सुरक्षित राख्ने विषय चुनौतीपूर्ण रहेको उनीहरूको भनाइ छ। यद्यपि अन्य विश्लेषकहरू भने उत्तर कोरियाले लामो समयदेखि गरेको लगानी र परीक्षणका आधारमा ती अवरोधहरू पार गरिसकेको हुन सक्ने तर्क गर्छन्।

यसैबीच, उत्तर कोरियाले आफ्नो आणविक कार्यक्रमलाई थप विस्तार गर्ने नीति निरन्तर अघि बढाइरहेको छ। किमको अमेरिकासँगको उच्चस्तरीय कूटनीतिक प्रयास सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग असफल भएपछि यस्तो रणनीति थप आक्रामक बनेको देखिन्छ। हालै फेब्रुअरीमा आयोजित सत्तारूढ वर्कर्स पार्टीको बैठकमा किमले अमेरिकासँग वार्ताका लागि ढोका खुला राखे पनि त्यसका लागि उत्तर कोरियाको आणविक निःशस्त्रीकरणको माग त्याग्न वासिङ्टनलाई आग्रह गरेको थियो।

यसबीच, किमले हालै संसद्मा सम्बोधन गर्दै आफ्नो देशको आणविक शक्ति हैसियतलाई अपरिवर्तनीय बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो र मध्यपूर्वको विकसित परिस्थितिलाई उल्लेख गर्दै अमेरिकामाथि 'वैश्विक राज्य आतंकवाद र आक्रामकता' को आरोप लगाएका थिए। *रासस/एपी*

# युरोपको कडा आप्रवासन मोड

**ब्रसेल्स–** युरोपेली संघ (इयू)ले आप्रवासन नियन्त्रणलाई अझ कडा बनाउने दिशामा निर्णायक मोड लिँदै निगरानी, पक्राउ र निर्वासनको दायरा विस्तार गरिरहेको छ। यसलाई कतिपयले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पकालीन रणनीतिसँग तुलना गर्न थालेका छन्।

२७ राष्ट्रहरूको यो समूहले आप्रवासीहरूलाई युरोप प्रवेश गर्नुअघि नै रोक्ने, तेस्रो देशहरू (विशेषगरी अफ्रिकी मुलुकहरू)मा पठाउने र भित्र प्रवेश गरेपछि छिटो निर्वासन गर्ने नीति अघि बढाइरहेको छ। सन् २०२४ मा विभिन्न देशहरूमा दक्षिणपन्थी दलहरूको उदयपछि यस्तो नीति झन् कडाइका साथ लागू गर्न थालिएको हो।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले नयाँ उपायहरूले सन् २०१५ मा सिरियाली गृहयुद्धका कारण उत्पन्न शरणार्थी संकट दोहोरिन नदिने दाबी गरेकी छन्। त्यसबेला करिब १० लाख मानिस युरोप पुगेका थिए। 'हामीले विगतका पाठ सिकेका छौं र अहिले हामी अझ तयार छौं,' उनले भनिन्। 'माइग्रेसन र शरण सम्झौता' नाम दिइएको नयाँ नीति जुन १२ देखि लागू हुने तय भएको छ।



यद्यपि, मानवअधिकार समूहहरूले यस्ता कदमप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। उनीहरूका अनुसार युरोपेली देशहरूले पहिलेदेखि नै सीमा क्षेत्रमा 'पुसब्याक' अर्थात् आप्रवासीहरूलाई कानुनी प्रक्रियाविना फर्काउने अभ्यास गरिरहेका छन्, जसले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गर्ने जोखिम बढाएको छ।

इटालीले यसमा एउटा नमूना प्रस्तुत गरेको छ। प्रधानमन्त्री जर्जिया मेलोनीको नेतृत्वमा त्यहाँ कडा आप्रवासन नीति लागू गरिएको छ, जसअन्तर्गत अल्बानियामा शरण अस्वीकृत भएका आप्रवासीहरूका लागि हिरासत केन्द्र सञ्चालनमा छन्। त्यहाँ राखिएका आप्रवासीहरू भय र अन्योलमा रहेको एक सांसदले अवलोकनपछि बताए।

मेलोनी सरकारको नयाँ प्याकेजले नौसेनालाई अन्तर्राष्ट्रिय पानीमै शंकास्पद जहाज रोक्ने अधिकार दिएको छ भने आप्रवासीहरूलाई उनीहरूको मूल देश वा तेस्रो देशमा फर्काउने प्रक्रिया पनि तीव्र बनाइएको छ। आपराधिक अभियोग लागेका विदेशी नागरिकहरूको निर्वासन झनै छिटो गरिने व्यवस्था गरिएको छ।

जर्मनी, अस्ट्रिया, नेदरल्याण्ड्स, डेनमार्क र ग्रिसलगायत देशहरूले पनि तेस्रो देशमा निर्वासन केन्द्र स्थापना गर्ने योजनामा छलफल अघि बढाइरहेका छन्। केही देशले केन्याजस्ता राष्ट्रहरूसँग यस विषयमा वार्ता गरिरहेको जनाइएको छ। यस्ता पहलहरू ट्रम्प प्रशासनले एल साल्भाडोरसँग गरेको सम्झौता जस्तै भएको टिप्पणी पनि गरिएको छ। विशेषगरी अफगानिस्तान र सिरियाबाट आएका मानिसहरूलाई लक्षित गर्दै स्विडेनलेसमेत युरोपबाहिर शरण खोज्नेहरूका लागि केन्द्र खोल्ने योजना अघि सारेको छ।

यसबीच, युरोपभित्रै ट्रम्प शैलीका कडा उपायहरूको समर्थन र विरोध दुवै देखिएको छ। केही समूहले अमेरिकी अध्यागमन निकाय आइसिईको कार्यशैलीको प्रशंसा गर्दै युरोपमा पनि त्यस्तै विशेष प्रहरी एकाइ गठन गर्नुपर्ने माग गरेका छन्। युरोपेली सीमा एजेन्सी फ्रन्टेक्सले बेल्जियममा आप्रवासी नियन्त्रणका लागि प्रहरीसँग संयुक्त छापा मार्न थालेको पनि जनाइएको छ।

इयूबाट बाहिरिए पनि बेलायतमा आप्रवासन नियन्त्रण प्रमुख राजनीतिक एजेण्डा बनेको छ। त्यहाँको सरकारले सन् २०२४ जुलाईदेखि अहिलेसम्म करिब ६० हजार मानिसलाई निर्वासित गरिसकेको जनाएको छ भने सन् २०२५ मामात्रै करिब नौ हजार अवैध कामदार पक्राउ परेका छन्। मानवअधिकार समूहहरूले भने यस्ता नीतिहरूले कानुनी सुरक्षा कमजोर पार्ने चेतावनी दिएका छन्। *रासस/एपी*

# खाडी क्षेत्रमा आक्रमणले युद्धको आर्थिक जोखिम बढायो



**तेहरान–** यमनका हुथी विद्रोहीहरू युद्धमा प्रत्यक्षरूपमा सामेल भएसँगै मध्यपूर्व द्वन्द्व थप जटिल बन्दै गएको छ। यसैबीच इरानले खाडी क्षेत्रमा रहेका दुई प्रमुख एल्युमिनियम प्लान्टमा मिसाइल र ड्रोन आक्रमण गरेको दाबी गर्दै क्षेत्रीय आर्थिक जोखिम थप गहिरिएको संकेत दिएको छ।

फेब्रुअरी २८ मा इरानमाथि अमेरिका-इजरायलद्वारा गरिएको आक्रमणपछि सुरु भएको युद्ध अहिले क्षेत्रभर फैलिएको छ। यसले विश्व ऊर्जा बजारमा दबाब सिर्जना गर्नुका साथै विश्व अर्थतन्त्रमा नकारात्मक असर पर्ने चिन्ता बढाएको छ। वासिङ्टन र तेहरानबीच सम्भावित वार्ताको अवस्था अझै अनिश्चित रहँदा दैनिक आक्रमण र प्रतिआक्रमण जारी छन्।

आइतबार बिहान तेहरानमै दुई शक्तिशाली विष्फोटले सहर हल्लिएको एएफपीका संवाददाताले जनाएका छन्, यद्यपि लक्षित स्थान स्पष्ट हुन सकेको छैन। कतारी समाचार च्यानल अल अरबीले आफ्नो तेहरानस्थित कार्यालय रहेको भवनमा इजरायली क्षेप्यास्त्र प्रहार भएको दाबी गरेको छ। सार्वजनिक गरिएको भिडियोमा फुटेका झ्याल, चकनाचुर काँच र बाहिर सडकभरि छरिएका भग्नावशेष देखिएका छन्। एक स्थानीय कलाकारका अनुसार अघिल्लो रातको आक्रमण यति तीव्र थियो कि 'सम्पूर्ण सहर नै थरथराएको' अनुभूति भएको थियो। इरानको राज्य सञ्चारमाध्यमका अनुसार अमेरिका-इजरायल आक्रमणले स्ट्रेट अफ हर्मुज नजिकैको बन्दर खमीर बन्दरगाह क्षेत्रमा पनि प्रहार गरेको छ। उक्त क्षेत्रबाट इरानले शत्रु शक्तिहरूसँग सम्बन्धित ढुवानी रोकिएको दाबी गरेको छ।

यसको जवाफस्वरूप इरानको रिभोलुसनरी गार्डस्ले बहराइन र संयुक्त अरब इमिरेट्समा रहेका विश्वका दुई ठूला एल्युमिनियम उद्योगसँग सम्बन्धित प्लान्टहरूमा मिसाइल तथा ड्रोन प्रहार गरेको जनाएको छ। ती उद्योगहरूलाई अमेरिकी सेना र एयरोस्पेस क्षेत्रसँग सम्बन्धित भन्दै लक्ष्य बनाइएको बताइएको छ। एमिरेट्स ग्लोबल एल्युमिनियमले आक्रमणमा छ जना घाइते भएको र संरचनामा ठूलो क्षति पुगेको जनाएको छ भने बहराइनमा एल्युमिनियम बहराइनका दुई कर्मचारी घाइते भएको त्यहाँको राज्य मिडियाले पुष्टि गरेको छ।

यसैबीच, यमनका हुथी विद्रोहीहरूले शनिबार इजरायलका रणनीतिक स्थानहरूमा 'क्रुज मिसाइल र ड्रोनको व्यापक आक्रमण' गरेको दाबी गर्दै युद्धमा आफ्नो पहिलो प्रत्यक्ष सहभागिता जनाएका छन्। यसले द्वन्द्वलाई लाल सागर क्षेत्रसम्म विस्तार गर्ने संकेत दिएको छ, जसले साउदी अरेबियालाई आफ्नो तेल निर्यात मार्ग परिवर्तन गर्न बाध्य बनाएको छ।

यसअघि पनि गाजामा इजरायलको सैन्य कारबाहीका क्रममा हुथीहरूले लाल सागर र एडनको खाडीमा जहाजहरूलाई लक्षित गर्दै आक्रमण गरेका थिए, जसका कारण अन्तर्राष्ट्रिय व्यापारिक मार्गहरू प्रभावित भएका थिए।

द्वन्द्व विस्तार हुँदै जाँदा इराक र सिरिया पनि प्रभावित बन्दै गएका छन्। सिरियाली अधिकारीहरूले आइतबार इराकबाट अमेरिकी सैन्य अड्डालाई लक्षित गरी पठाइएको ड्रोन आक्रमण विफल बनाइएको बताएका छन्, जुन इरान समर्थित समूहहरूले दाबी गरेका आक्रमणहरूको शृंखलापछि भएको हो।

तनाव कम गर्ने प्रयासस्वरूप पाकिस्तानले सोमबार इस्लामाबादमा साउदी अरेबिया, टर्की र इजिप्टका विदेशमन्त्रीहरूलाई आमन्त्रण गर्दै कूटनीतिक पहल अघि बढाएको छ। पाकिस्तानका विदेशमन्त्री इशाक दारले इरानी समकक्षीसँगको संवादमा वार्ता नै स्थायी समाधानको मार्ग भएको उल्लेख गरेका छन्। जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले पनि अमेरिका-इरान प्रत्यक्ष वार्ता छिट्टै हुन सक्ने संकेत गरेका छन्।

अमेरिकी पक्षबाट पनि गतिविधि तीव्र देखिएको छ। अमेरिकी विशेष दूत स्टिभ विटकफले १५ बुँदे समाधान प्रस्ताव अघि सारेको जनाइएको छ। यसैबीच, करिब तीन हजार ५०० मरीन र नाविक बोकेको युएसएस त्रिपोली युद्धपोत मध्यपूर्व पुगेको छ।

अमेरिकी उपराष्ट्रपति जे डी भान्सले अमेरिका आफ्ना सैन्य उद्देश्य पूरा गर्न सफल भएको दाबी गर्दै पनि युद्ध अझ केही समय जारी रहने संकेत गरेका छन्। यसैबीच पेन्टागनले खारग टापु र स्ट्रेट अफ हर्मुज आसपास सम्भावित स्थल कारबाहीका लागि योजना बनाइरहेको समाचार सार्वजनिक भएको छ, यद्यपि राष्ट्रपति ट्रम्पले औपचारिक स्वीकृति दिएका छैनन्।

यस तनावपूर्ण अवस्थाबीच इरानले अमेरिकी विश्वविद्यालयहरूलाई पनि चेतावनी दिएको छ। रिभोलुसनरी गार्डस्ले अमेरिका-इजरायल आक्रमणको निन्दा नगरे मध्यपूर्वस्थित अमेरिकी क्याम्पसहरूलाई लक्ष्य बनाइने धम्की दिएको छ।

अर्कोतर्फ, लेबनानमा इजरायली आक्रमण जारी छ। तेहरान समर्थित हेजबुल्लाहले मार्च २ मा इजरायलतर्फ रकेट प्रहार गरेपछि सुरु भएको झडपमा शनिबार तीन पत्रकार मारिएका छन्। लेबनानी राष्ट्रपति जोसेफ अउन र प्रधानमन्त्री नवाफ सलामले उक्त घटनालाई युद्ध अपराधको संज्ञा दिए। स्वास्थ्य मन्त्रालयका अनुसार दक्षिणी लेबनानमा इजरायली आक्रमणमा नौ जना प्यारामेडिक्सको पनि मृत्यु भएको छ।

आइतबार इजरायलले दक्षिण लेबनानमा आफ्ना एक सैनिकको मृत्यु भएको पुष्टि गरेको छ। यसैबीच बेरुत नजिक विस्थापित एक आमा नासिमा इस्माइलले आफ्ना सन्तानको सुरक्षाको कामना गर्दै 'हाम्रोभन्दा राम्रो दिन देखून्' भन्ने आशा व्यक्त गरेका छन्। *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर


पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax¿ Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्(वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८६००० | प्रति तोला – ० | प्रति तोला – ४७२० |



**गुरास अवलोकन |** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीस्थित लालीगुराँसको जंगल अवलोकन गर्दै पर्यटक । *तस्बिर: रासस*

# सरकारको निर्णयबाट निजी क्षेत्र खुसी

## निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति कार्यान्वयन गर्ने सरकारको निर्णयलाई महासंघले गर्‍यो स्वागत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धनका लागि तयार गरिएका रणनीति तत्काल कार्यान्वयन गर्ने नवगठित सरकारले निर्णय गरेकामा धन्यवाद दिँदै यसबाट मुलुकका निजी क्षेत्रलाई प्रोत्साहन प्राप्त हुने जनाएको छ ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आज प्रेस विज्ञप्ति प्रकाशन गरी मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले महासंघको मागलाई सम्बोधन गरी निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति (पिएसपिपी) को तत्कालै कार्यान्वयन गर्ने निर्णय गरेकामा सरकारलाई धन्यवाद दिएका छन् ।

सरकारले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची सार्वजनिक गरी चैत १३ गतेको बैठकले पारित गरेको छ । सो कार्यसूचीमा निजी क्षेत्रको संरक्षण र प्रवर्द्धनसम्बन्धी पिएसपिपी कार्यक्रम पनि समेटिएको छ । विगतका कतिपय आन्दोलनसहित गत भदौमा भएको जेन-जी आन्दोलनका क्रममा निजी क्षेत्र र सार्वजनिक प्रतिष्ठानमाथि विनाकारण आक्रमण गरी क्षति पुर्‍याउने काम भएकाले निजी क्षेत्र र सार्वजनिक प्रतिष्ठानलाई सार्वजनिक सम्पत्तिका रूपमा संरक्षण र प्रवर्द्धन गर्न उक्त रणनीति कार्यान्वयन गर्न महासंघले विगतका सरकारसँग माग गरेको थियो ।

महासंघले गत कात्तिक २२ गते आर्थिक बहसः २.० कार्यक्रम आयोजना गरी परिवर्तित अवस्थामा उक्त रणनीति आवश्यक भएको भन्दै पहिलोपटक सरकारको ध्यानाकर्षण गराएको थियो । त्यसलगत्तै शान्ति स्थायित्व र समृद्धिका लागि सहकार्य कार्यक्रममा थप छलफल गरी महासंघले सरकारलाई पिएसपिपीको अवधारणापत्र पेस गरेको महासंघका अध्यक्ष ढकालले जानकारी दिए ।

'यसबाट निजी क्षेत्रका व्यवसायी, व्यक्तिगत तथा लगानीकर्ताको लगानीको सुरक्षा, आवश्यक संरक्षण र प्रवर्द्धन तथा प्रोत्साहन गर्ने प्रतिबद्धता सरकारबाट आएको छ । योसँगै निजी क्षेत्रको मनोबल बढाइ लगानी प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरेका छौं,' महासंघका अध्यक्ष ढकालले भने, 'सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यक्रमको ६०औं बुँदामा 'पिएसपिपी' का बारेमा उल्लेख छ ।'

नीतिगत सुधार गर्न/गराउन महासंघको आग्रहबमोजिम दोस्रो चरणको आर्थिक सुधारका लागि गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पेस गरेका सुझावलाई पनि सरकारले ग्रहण गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ । जसअनुरूप १५ वटा कानुन खारेजी प्रक्रियामा लैजाने नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निर्णय गरेका छन् ।

महासंघको ढोरपाटनमा आयोजित तेस्रो कार्यकारिणी समितिको बैठक तथा आर्थिक बहससम्बन्धी कार्यक्रममा दोस्रो चरणको आर्थिक सुधारसम्बन्धी मार्गचित्र तयार पार्न उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्नुपर्ने माग राख्दै आएको थियो । 'महासंघले राष्ट्रिय आर्थिक रूपान्तरण-२०३० मार्फत यस्ता कानुनको संशोधन, परिमार्जन एवं खारेजीका लागि आग्रह गरेको थियो । आयोगका सुझाव कार्यान्वयनका लागि 'पिएसपिपी'ले संयन्त्रका रूपमा काम गर्ने छ । रणनीति निर्माण र कार्यान्वयनमा हामी सरकारसँग सहकार्य गर्नेछौं,' अध्यक्ष ढकालले भने ।

यसैगरी महासंघको आग्रहमा विदेशी लगानी सहजीकरणका लागि लगानी बोर्ड, उद्योग विभागलगायत एउटै प्रकारका कार्य गर्ने निकायको एकीकृत संरचना निर्माण गर्ने निर्णयले सेवाग्राहीलाई सहज र सरल सेवा पुर्‍याउन सहयोग पुग्ने महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

# 'ऊर्जा क्षेत्रसम्बन्धी सरकारको कार्ययोजना स्वागतयोग्य'

**काठमाडौं (प्रस)–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालले नयाँ सरकारद्वारा सार्वजनिक गरिएको ऊर्जा क्षेत्रसम्बन्धी कार्ययोजनाको स्वागत गरेको छ । इप्पानले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त कार्ययोजना कार्यान्वयन भएसँगै मुलुकको ऊर्जा विकासमा गति लिनुका साथै सकारात्मक नजिता ल्याउनेमा विश्वास व्यक्त गरेको हो ।

इप्पानमा हाल मुलुकका ५७० भन्दाबढी निजी ऊर्जा कम्पनी आबद्ध रहेका छन् । इप्पानका अनुसार मुलुकको कुल विद्युत् उत्पादन क्षमता करिब चार हजार मेगावाट नाघिसकेको छ । यसमा निजी क्षेत्रको योगदान तीन हजार ३५० मेगावाटभन्दा बढी रहेको इप्पानका अध्यक्ष गणेश कार्कीले जानकारी दिए ।

निजी क्षेत्रबाट करिब पाँच हजार ७०० मेगावाट क्षमताका आयोजना निर्माणाधीन र १३ हजार मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौता (पिपिए) को प्रतीक्षामा रहेका उनले उल्लेख गरे । थप १५ हजार मेगावाट क्षमताबराबरका आयोजना सम्भाव्यता अध्यायनको चरणमा रहेका इप्पानले जनाएको छ ।

इप्पानका अनुसार हालसम्म निजी क्षेत्रले ऊर्जा क्षेत्रमा करिब १३ खर्ब १० अर्ब रूपैयाँ लगानी गरिसकेको छ । आगामी १० वर्षभित्र थप ३० खर्ब रूपैयाँबराबरको लगानी गर्ने तयारीमा निजी क्षेत्र रहेका विज्ञप्तिमा जनाइएको छ ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि गठन भएको नयाँ सरकारले १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । इप्पानका अध्यक्ष कार्कीले दुईतिहाइ नजिकको बहुमतसहित बनेको सरकारको उक्त लक्ष्यले निजी क्षेत्रका लगानीकर्तामा उत्साह थपिएको बताए । सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्ययोजनामा ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधार बनाउने घोषणा गरिएको बताउँदै उनले यो स्वागतयोग्य कदम रहेको धारणा राखे ।

'विशेषगरी लामो समयदेखि रोकिएका पिपिएहरू अधिकतम १८० दिनभित्र खोल्ने निर्णयलाई इप्पानले सकारात्मक कदमका रूपमा लिएको छ,' अध्यक्ष कार्कीले भने, 'यसबाट पिपिएका लागि आवेदन दिएका आयोजना यथाशीघ्र अगाडि बढ्ने अपेक्षा गरिएको छ ।'

सुशासन मार्गचित्र

# नतिजामुखी बजेट र पारदर्शी कर प्रणालीमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आइतबार सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले बजेट तथा राजस्व प्रणालीमा व्यापक संरचनागत सुधारको खाका प्रस्तुत गर्दै कर प्रशासनदेखि वित्तीय हस्तान्तरण, बजेट तर्जुमा र पुँजीबजारसम्मका क्षेत्रलाई समेटेर दीर्घकालीन नीतिगत स्थिरता, पारदर्शिता र परिणाममुखी व्यवस्थापनमा जोड दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको मार्गचित्रले विशेषगरी नागरिक अपेक्षालाई केन्द्रमा राख्दै कर प्रणालीलाई न्यायोचित, प्रगतिशील र पारदर्शी बनाउने आवश्यकता औंल्याएको छ भने बजेट प्रणालीलाई खुला, उत्तरदायी र नतिजामुखी बनाउनुपर्नेमा जोड दिएको छ ।

मार्गचित्रमा नागरिकका करसम्बन्धी अपेक्षालाई विस्तृतरूपमा उल्लेख गर्दै भनिएको छ, 'आय र क्षमताअनुसार कर लगाइने न्यायोचित र प्रगतिशील कर प्रणाली विकास गरिनुपर्छ, जसले न्यून आय भएका समूहलाई संरक्षण गर्दै उच्च आय समूहबाट उचित योगदान सुनिश्चित गर्छ । उठेको राजस्व कहाँ र कसरी खर्च भयो भन्ने स्पष्ट जानकारी नागरिकलाई सहजरूपमा उपलब्ध गराइनुपर्छ र बजेट तथा खर्च विवरण सार्वजनिक र पहुँचयोग्य बनाइनुपर्छ ।'




यस्तै, कर प्रशासनलाई सरल, 'डिजिटल' र झण्झटरहित बनाउनेतर्फ पनि मार्गचित्रले जोड दिएको छ । 'कर दर्ता, फाइलिङ र भुक्तानी प्रक्रिया पूर्णरूपमा सरल र डिजिटल बनाइनुपर्छ, अनावश्यक कागजी प्रक्रिया हटाइनुपर्छ र करदाताले लाइन बस्नुपर्ने अवस्था अन्त्य गरिनुपर्छ,' करदर र नीतिमा स्थायित्व कायम राख्नुपर्ने आवश्यकता औंल्याउँदै मार्गचित्रमा भनिएको छ, 'बारम्बार करदर परिवर्तन नगरी नीतिगत स्थिरता कायम गरिनुपर्छ, जसले दीर्घकालीन योजना बनाउन सक्ने वातावरण सिर्जना गर्छ ।'

यसैगरी करको समान र निष्पक्ष कार्यान्वयन सुनिश्चित गर्न राजनीतिक प्रभावका आधारमा छुट वा दर हेरफेर रोक्नुपर्ने उल्लेख गरिएको छ । भ्रष्टाचार नियन्त्रणलाई केन्द्रमा राख्दै मार्गचित्रले कर निर्धारण र संकलनमा घुस तथा मिलेमतो अन्त्य गरिनुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली र 'डिजिटल ट्र्याकिङ' सुदृढ गरिनुपर्नेलगायत सिफारिस गरिएको छ ।

त्यस्तै, सेवामुखी कर प्रशासनको अवधारणालाई अघि सार्दै दस्तावेजमा कर कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन, गुनासो छिटो समाधान गर्ने संयन्त्र विकास गर्न तथा करदाताको अधिकार संरक्षण सुनिश्चित गर्नुपर्ने उल्लेख छ । 'कर निर्धारणमा पुनरवलोकनको अधिकार सुनिश्चित गरिनुपर्छ र अनुचित जरिवाना वा उत्पीडनबाट करदातालाई संरक्षण गरिनुपर्छ,' मार्गचित्रमा भनिएको छ ।

यस्तै, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभावका कारण देखिने दोहोरो कर प्रणाली अन्त्य गर्न स्पष्ट अधिकार क्षेत्र निर्धारण गर्नुपर्नेमा जोड दिइएको छ ।

बजेट प्रणालीतर्फ मार्गचित्रले पारदर्शी र खुला प्रक्रिया, आवश्यकतामा आधारित प्राथमिकता र समावेशी वितरणको आवश्यकता औंल्याएको छ । 'बजेट निर्माण, विनियोजन र खर्चको स्पष्ट जानकारी सार्वजनिक गरिनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा पर्याप्त लगानी हुनुपर्छ । सीमित क्षेत्र वा प्रभावशाली व्यक्तिको प्रभावमा बजेट मुक्त हुनुपर्छ,' मार्गचित्रमा उल्लेख छ ।

यसैगरी बजेट खर्चलाई परिणाममुखी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै मार्गचित्रमा भनिएको छ, 'रकम खर्च हुनुमात्र पर्याप्त होइन, त्यसले ठोस उपलब्धि र सेवा सुधार देखिनुपर्छ । असारमा खर्च गर्ने प्रवृत्ति अन्त्य गरी समयमै कार्यान्वयन सुनिश्चित गरिनुपर्छ ।'

तीन तहका सरकारबीच समन्वय अभावका कारण दोहोरो कार्यक्रम र स्रोत दोहोरिने समस्या समाधान गर्न साझा परियोजना बैंक स्थापना गर्ने तथा समन्वित बजेट प्रणाली विकास गर्ने सुझाव पनि दिइएको छ । नागरिक सहभागितालाई संस्थागत गर्दै बजेट तर्जुमा प्रक्रिया मन्त्री वा उच्चपदस्थको खल्तीबाट नभई नागरिकको सुझाव समावेश गरी सञ्चालन गरिनुपर्ने उल्लेख छ ।

सुधारका लागि प्रस्तुत सुझावहरूमा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई केवल स्रोत वितरण नभई क्षेत्रीय असमानता घटाउने रणनीतिक साधनका रूपमा रूपान्तरण गर्नुपर्ने उल्लेख छ । 'खुला बजेट पोर्टलमार्फत वास्तविक समय (रियल टाइम) मा विनियोजन र खर्च विवरण सार्वजनिक गरिनुपर्छ, तथ्यांकमा आधारित प्राथमिकता निर्धारण गरिनुपर्छ र परिणाममा आधारित बजेट प्रणाली लागू गरिनुपर्छ,' मार्गचित्रमा उल्लेख छ ।

राजस्व प्रशासन सुधारतर्फ मार्गचित्रले पूर्ण डिजिटल प्रणाली, अन्तरआबद्ध सूचना प्रविधि संरचना र जोखिममा आधारित कर परीक्षण प्रणाली विकासमा जोड दिएको छ । 'ई-दर्ता, ई-फाइलिङ, ई-पेमेन्ट र ई-इनभ्वाइसिङ प्रणालीको पूर्णकार्यान्वयन गरिनुपर्छ, कृत्रिम बौद्धिकता प्रयोग गरी कर छली नियन्त्रण गर्नुपर्छ,' दस्तावेजमा भनिएको छ ।

यस्तै, कर प्रशासनमा 'फेसलेस अडिट' प्रणाली लागू गरी करदाता र कर्मचारीबीच प्रत्यक्ष सम्पर्क न्यून गर्ने तथा भ्रष्टाचार नियन्त्रणलाई संस्थागत गर्नुपर्ने सुझाव दिइएको छ । गैरकर राजस्वतर्फ मार्गचित्रले सेवा शुल्क, रोयल्टी र प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त आम्दानीको दायरा विस्तार गर्न, सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग गर्न तथा सबै आम्दानीलाई सञ्चित कोषमा अनिवार्य दाखिला गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने उल्लेख गरिएको छ । साथै, कम प्रतिफल दिने सार्वजनिक संस्थानको पुनर्संरचना र व्यावसायिक व्यवस्थापन आवश्यक रहेको औंल्याइएको छ ।

भन्सार प्रशासन सुधारका लागि पूर्ण डिजिटल, कागजविहीन र 'फेसलेस' प्रणाली लागू गर्न, जोखिममा आधारित जाँच प्रणाली विकास गर्न तथा आधुनिक प्रविधिको प्रयोग बढाउनुपर्ने सुझाव मार्गचित्रले दिएको छ । 'सम्पूर्ण घोषणा, मूल्यांकन, भुक्तानी र जाँचपास प्रक्रिया अनलाइन गरिनुपर्छ, इलेक्ट्रोनिक डेटा इन्टरचेन्ज प्रणाली सुदृढ गरिनुपर्छ र सेवाग्राही तथा कर्मचारीबीच प्रत्यक्ष सम्पर्क न्यून गरिनुपर्छ,' सुशासन मार्गचित्रमा भनिएको छ ।

# बालेन्द्र सरकारलाई नेप्सेको रातो झण्डा

**काठमाडौं (प्रस)–** नयाँ सरकार गठन भएपछिको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ७१.०५ अंकले घटेर दुई हजार ८७९.११ को बिन्दुमा कायम भएको छ । यो २.४० प्रतिशतको गिरावट हो ।

यस दिन ३३३ कम्पनीको तीन करोड ५२ लाख ४८ हजार ३९७ कित्ता सेयर एक लाख ९६ हजार १५८ पटक खरिदबिक्री हुँदा १५ अर्ब तीन करोड ३३ लाख १० हजार रूपैयाँको कारोबार भएको छ । आइतबारको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । २५५ कम्पनीको सेयर मूल्य घट्दा १० वटाको मात्र बढेको छ ।

रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड र रिजलाइन हाइड्रोपावर इनर्जी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य ६.१७ प्रतिशतले घटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ